वार्षिक प्रतिवेदन

आ.व. २०७४/७५

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

वार्षिक प्रतिवेदन

आ.व. २०७४/०७५

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

बबरमहल, काठमाडौं

प्रकाशक : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाडौं ।

प्रतिलिपि अधिकार © : २०७५, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, काठमाडौं

आवरण फोटो : अर्नाहरु
फोटो सौजन्य : श्याम कुमार शाह

सम्पर्क ठेगाना : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
पो.ब.नं. : ८६० काठमाडौं, नेपाल
फोन नं. : ००९७७-१-४२२०९१२/४२२०८५०/४२२७९२६
फ्याक्स नं. : ००९७७-१-४२२७६७५
इमेलः info@dnpwc.gov.np
वेबसाइट : www.dnpwc.gov.np

मुद्रण : ग्लोबल प्रिन्ट कनेक्सन प्रा.लि.
प्रज्ञा आधुनिक छापाखाना
कमलादी, काठमाडौं
फोन : ०१-४२२७२५१
Email : gpc2070@gmail.com

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

फोन नं. : ४२२०८५० ४२२०९१२ ४२२७९२६
फ्याक्स नं. ४२२७६७५

संकेत नं. :-
पत्र संख्या :-
चलानी नं. :-

पो. ब. नं. - ८६०
बबरमहल, काठमाडौं
Email: info@dnpwc.gov.np
http//:www.dnpwc.gov.np

मन्तव्य

आर्थिक वर्ष २०७४/०७५ को वार्षिक प्रतिवेदनमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गतका राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष, संरक्षण क्षेत्र तथा प्राणी उद्यानहरुमा भएका वार्षिक नियमित कार्यहरुको प्रगति तथा वन्यजन्तु र प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन गर्न सञ्चालन भइरहेका परियोजनाहरूको कार्य सम्पादन र विविध विकास कार्यक्रम र खर्चको बारेमा यस वार्षिक प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रस्तुत प्रतिवेदनले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट सम्पादित काम कारवाही सम्बन्धमा सरोकारवालाहरु एवं सर्वसाधारणमा जानकारी प्राप्त हुने विश्वास लिएको छु ।

नेपालमा अपार जैविक विविधता तथा मनोरम प्राकृतिक दृश्यहरूको भण्डार भए तापनि नेपालले संरक्षण कार्यहरुमा केही चुनौतीहरूको सामना गर्नु परिरहेको छ । निकुञ्ज तथा आरक्ष वरपर बढ्दो जन घनत्व तथा अव्यवस्थित भू-उपयोगका कारण संरक्षित क्षेत्रमा पर्न गएको चाप विकराल समस्याको रूपमा देखा परेको छ । दुर्लभ र लोप हुने खतरामा परेका वन्यजन्तुको अन्तिम आश्रयस्थलका रूपमा रहेका संरक्षित क्षेत्रहरु तथा वरपरको वन जोगाउनु अत्यावश्यक भइसकेको छ । विद्यमान ती समस्या तथा चुनौतीहरुको समाधान गर्ने तरिकाहरु मध्ये संरक्षित क्षेत्र प्रणालीमा सञ्चालित वार्षिक कार्यक्रमहरु महत्वपूर्ण कडीका रुपमा रहेका छन् ।

संरक्षण कार्य एउटा दीर्घकालीन र निरन्तर प्रक्रिया भएकाले यसमा स्थानीय बासिन्दाहरूको सक्रिय सहभागिताका साथसाथै यस कार्यमा जुटेका राष्ट्रिय र अन्तर्राष्ट्रिय संरक्षण साझेदार संघसंस्था तथा व्यक्तिहरूको प्रयास तथा कटिबद्धता प्रशंसनीय रहेको छ । त्यसका साथसाथै जिम्मेवार पक्षहरुको संरक्षणप्रतिको दृढताबाट नै जैविक विविधता संरक्षण कार्य सम्भव देखिन्छ । यसलाई अझ मजबुत र विस्तार गर्दै लानु संरक्षण प्रतिको थप प्रशंसनीय प्रयासका रूपमा लिन सकिन्छ । जैविक विविधता संरक्षण कार्यमा साझेदार संस्थाहरुले पुऱ्याएको योगदान अतुलनीय छ । यसलाई अझ सशक्त र विस्तार गर्दै लैजानु संरक्षण प्रतिको थप प्रतिबद्धताको रूपमा लिन सकिन्छ ।

अन्त्यमा, यो प्रतिवेदन तयारीको संयोजन गर्नु हुने यस विभागका उप-महानिर्देशक डा. श्री रामचन्द्र कँडेल, अनुगमन तथा मूल्याङ्कन अधिकृत श्री भूमिराज उपाध्याय तथा विवरण संकलन तथा विश्लेषणमा सक्रिय रुपमा संलग्न हुनु भएका सहायक अनुगमन तथा मूल्याङ्कन अधिकृत श्री मानबहादुर खड्का, कम्प्युटर अधिकृत श्री रविन्द्र कार्की र रेञ्जर श्री अजय कुमार यादव लगायत विभागका कर्मचारीहरु तथा यस प्रकाशन कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग गर्नु हुने विभाग अन्तर्गतका कार्यालयहरुलाई समेत धन्यवाद दिन चाहन्छु ।

धन्यवाद !

मन बहादुर खड्का
महानिर्देशक

विषय-सूची

भाग १: पृष्ठभूमि

१.१	परिचय	१
१.२	विभागको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता तथा उद्देश्यहरु	१
१.३	विभागका नीतिहरु	२
१.४	विभागका कार्यनीतिहरु	३
१.५	ऐन, कानून तथा नीतिहरु	५
१.६	विभागको सांगठनिक संरचना	७
१.७	विभागलाई मार्ग निर्देशन गर्ने समितिहरु	१३
१.८	प्रमुख चुनौतीहरु	१६

भाग २ : आर्थिक वर्ष २०७४/७५ मा सञ्चालित कार्यक्रमहरु

२.१.१	आ.व. २०७४/७५ मा संचालित आयोजनाहरु	१९
२.१.२	आयोजनागत बजेट विनियोजनको स्थिति	१९
२.१.३	आ.व. २०७४।७५ मा वजेट फिर्ता (Surrender) भएको विवरण	२०
२.१.४	आ.ब. २०७४।७५ को आयोजनागत बार्षिक बजेट तथा खर्चको स्थिति	२३
२.१.५	आयोजनागत भारित तथा वित्तिय प्रगति विवरण	२४
२.१.६	आयोजनागत मुख्य मुख्य उपलब्धिहरु	२५
२.१.६	आ.व. २०७३।७४ र २०७४।७५ को भारित तथा वित्तीय प्रगतिको तुलनात्मक विवरण	२८
२.३	विभाग र अन्तर्गत कार्यालयहरुको वार्षिक वेरुजु फछ्र्यौटको विवरण	२८
२.४	संरक्षित क्षेत्रमा पर्यटक	३०
२.५	विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक राजश्व संकलनको विवरण	३०
२.६	सार्वजनिक सेवा प्रवाह र सूचनाको हक सम्बन्धी व्यवस्था	३१
२.७	आयोजना/परियोजनाहरु	३१

भाग ३ : आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न भएका केही क्रियाकलापहरु तथा गतिविधिहरु

३.१	प्रजाति संरक्षण कार्ययोजना प्रकाशन	३५
३.२	वन्यजन्तु गणना सम्बन्धी	३६
३.३	भिजिटर ट्र्याकिङ सिस्टम व्यवस्थापन (Visitor Tracking System Management)	३७
३.४	सोलार पानी पम्प मार्फत पानी पोखरी तथा सिंचाई व्यवस्थापन	४०
३.५	दिवस समारोह	४०
३.६	३४ औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठक	४७
३.७	नेपालमा गिद्ध संरक्षण तथा प्रजनन केन्द्रमा हुर्काइएका गिद्धको प्राकृतिक बासस्थानमा पूनःस्थापना	५०
३.८	संरक्षित क्षेत्रमा अध्ययन अनुसन्धान	५३
३.९	मानव वन्यजन्तु द्वन्द्व	५३
३.१०	संरक्षित क्षेत्रमा छायाङ्कन भएका डकुमेन्ट्री र फिल्महरु	५३
३.११	शिकार गरिएका वन्यजन्तु र राजश्व सम्बन्धी विवरण	५३
३.१२	संरक्षित क्षेत्रमा वन्यजन्तुको मृत्यु	५४
३.१३	संरक्षित क्षेत्रमा भौतिक पूर्वाधार निर्माण	५४
३.१४	SAWEN को तेश्रो वार्षिक बैठक	५४
३.१५	मुद्दाको विवरण	५५
३.१६	CITES को प्रावधान अनुसार नेपाल सरकारले एउटा काठे भालु (Sloth Bear) भारत सरकारलाई फिर्ता	५५
३.१७	चितवनबाट बाढीले बगाएर भारत पुगेका गैडाको उद्धारः	५७
३.१८	बाढीबाट भएको क्षतिको प्रारम्भिक विवरण	५७
३.१९	हालको बाढीबाट वन्यजन्तुमा भएको क्षति	५९

भाग ४ : अनुसूचीहरु

अनुसूची-१:	आ.व. २०७४/७५ राजश्वको कार्यालयगत आर्थिक विवरण	६५
अनुसूची- २:	आ.व. २०७४/७५ को राजश्वको वार्षिक केन्द्रीय आर्थिक विवरण	६८
अनुसूची-३:	आ.व. २०६९/७० देखि आ.व. २०७४/७५ सम्मको कार्यलयगत राजश्व विवरण	६९
अनुसूची-४:	आ.व. २०७४/७५ मा विभाग र अन्तरगत कार्यालयहरुको विभिन्न बजेट उपशीर्षकहरु अन्तरगत भएका निकासा खर्चको एकीकृत विवरण	७०
अनुसूची-५:	आ.व. २०७४/७५ मा संरक्षित क्षेत्रहरुमा मासिक पर्यटक आगमनको तथ्याङ्क	७२
अनुसूची-६:	आ.व. २०६९/७० देखि आ.व. २०७४/७५ सम्मको संरक्षित क्षेत्रहरुमा पर्यटक आगमनको तथ्याङ्क	७६
अनुसूची-७:	जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी नेपाल पक्षधर रहेका अन्तर्राष्ट्रिय सन्धि र संझौताहरुको विवरण	७७
अनुसूची-८:	रामसार साइटमा सूचीकृत नेपालका सिमसार क्षेत्रहरु	७८
अनुसूची-९:	वन्यजन्तुको गणना सम्बन्धी विवरण	७९
अनुसूची-१०:	गैंडा स्थानान्तरण सम्बन्धी विवरण	८०
अनुसूची-११:	नेपालबाट विभिन्न देशहरुलाई वन्यजन्तु उपहार दिएको विवरण	८१
अनुसूची-१२:	नेपालबाट विभिन्न देशहरुलाई वन्यजन्तुको आखेटोपहार उपहार दिएको विवरण	८३
अनुसूची-१३:	आ.व. २०७४/७५ सम्ममा संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माणको लागि वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन (EIA) प्रतिवेदन तयार गर्न सहमति दिइएको विवरण	८४
अनुसूची-१४:	आ.व. २०७४/७५ मा संरक्षित क्षेत्रहरुमा वन्यजन्तुबाट भएको क्षतिको विवरण	८९
अनुसूची-१५.१:	आ.व. २०७४।७५ (२०७४ असोज-मंसिर) को ढोरपाटन शिकार आरक्षमा भएको शिकार सम्बन्धी विवरण	९०
अनुसूची-१५.२:	आ.व. २०७४।७५ (२०७४ असोज-मंसिर) को ढोरपाटन शिकार आरक्षमा भएको शिकारबाट प्राप्त राजश्वको विवरण	९२

अनुसूची-१५.३:	आ.व. २०७४।७५ (२०७४ फाल्गुन-२०७५ बैशाख) को ढोरपाटन शिकार आरक्षमा भएको शिकार सम्बन्धी विवरण	९३
अनुसूची-१५.४:	आ.व. २०७४।७५ (२०७४ फाल्गुन-२०७५ बैशाख) को ढोरपाटन शिकार आरक्षमा भएको शिकारबाट प्राप्त राजश्वको विवरण	९५
अनुसूची-१६:	आ.व. २०७४/०७५ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग अन्तर्गतका संरक्षित क्षेत्रहरुमा छायाङ्कन गरिएका चलचित्र/डकुमेन्ट्रीको विवरण	९६
अनुसूची-१७:	संरक्षित क्षेत्रहरुमा अतिक्रमण भएको क्षेत्रहरुको विवरण	९९
अनुसूची-१८:	आ.व. २०७३।७४ देखी २०७४।७५ सम्ममा निकुञ्ज, आरक्ष र मध्यवती क्षेत्रभित्रको जग्गा अन्य प्रयोजनको लागि प्रयोग गर्न दिएको एकिकृत विवरण	१००
अनुसूची-१९:	आ.व. २०७४/७५ सम्ममा संरक्षित क्षेत्रमा प्रारम्भिक वातावरणीय परिक्षण (IEE) को स्वीकृत विवरण	१११
अनुसूची-२०:	आ.व. २०७४/७५ मा संरक्षित क्षेत्रहरुमा भएका अध्ययन अनुसन्धानको विवरण	११२
अनुसूची-२१.१:	राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको सांगठनिक संरचना	१६८
अनुसूची-२१.२:	राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको सांगठनिक संरचना	१६८
अनुसूची-२१.३:	केन्द्रियस्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक संरचना	१६९
अनुसूची-२१.४:	राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको पाँचौं र छैठौं बैठकका निर्णयहरु	१६९
अनुसूची-२१.५:	केन्द्रीय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको बाह्रौं र तेह्रौं बैठकका निर्णयहरु	१७२
अनुसूची-२२:	नेपालका संरक्षित क्षेत्रहरू	१७४
अनुसूची-२३:	विभागमा कार्यरत कर्मचारीहरुको नामावली	१७६
अनुसूची-२४:	आ.व. २०७४/७५ मा राष्ट्रिय निकुञ्ज/आरक्ष/ संरक्षण क्षेत्रमा दर्ता भएका मुद्दाको बिवरण	१७९
अनुसूची २५:	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबाट जारी नागरिक बडापत्र	१९३

भाग-एक

पृष्ठभूमि

१.१ परिचय १
१.२ विभागको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता तथा उद्देश्यहरु १
१.३ विभागका नीतिहरु २
१.४ विभागका कार्यनीतिहरु ३
१.५ ऐन, कानून तथा नीतिहरु ५
१.६ विभागको सांगठनिक संरचना ७
१.७ विभागलाई मार्ग निर्देशन गर्ने समितिहरु १३
१.८ प्रमुख चुनौतीहरु १६

भाग १: पृष्ठभूमि

१.१ परिचय

नेपाल प्राकृतिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण छ। यहाँको प्राकृतिक वातावरणमा पाइने वन्यजन्तु, वनस्पति र भू-दृश्यको साथै समग्र पारिस्थिकीय प्रणालीलाई संरक्षण, व्यवस्थापन र दिगो उपयोग गरी देशको सम्वृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यका साथ वि.सं. २०३७ मा तत्कालिन वन तथा वातावरण मन्त्रालय अन्तरगत एक छुट्टै विभागको रुपमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको स्थापना भएको हो।

नेपालमा रहेका ११८ किसिमका पारिस्थिकीय प्रणाली मध्ये हालसम्म ८० किसिमका पारिस्थिकीय प्रणाली संरक्षित क्षेत्रभित्र पर्दछन्। यिनीहरुको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन गर्ने उद्देश्यले हालसम्म १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरु सञ्चालन हुँदै आएका छन्। संरक्षित क्षेत्रहरुले नेपालको कूल भू-भागको २३.३९ प्रतिशत अर्थात् ३४,४१९.७५ वर्ग किलोमिटर क्षेत्र ओगटेको छ। यसरी उच्च हिमाली भू-भागदेखि तराईको समथर मैदानसम्म रहेका देशका मूख्य-मूख्य पारिस्थिकीय प्रणालीको संरक्षण तथा व्यवस्थापकीय कार्यहरु भइरहेका छन्। नेपालको संरक्षण अभियान प्रजाति संरक्षणबाट सुरु भई पारिस्थिकीय प्रणाली हुँदै भू-परिधिस्तरको जनसहभागितामा आधारित भएकोले राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा विशिष्ट संरक्षणको पहिचान कायम गर्न सफल भएको छ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को पाँचौं संशोधनले जैविक मार्गको संरक्षण र सम्वर्द्धन सम्बन्धी थप कानूनी व्यवस्था गरी संरक्षण कार्यलाई संस्थागत बनाएको छ।

संरक्षित क्षेत्रबाट स्थानीय बासिन्दाहरुलाई बढी भन्दा बढी लाभको समन्यायिक वितरण हुनु पर्दछ। स्थानीय बासिन्दालाई संरक्षणमा प्रभावकारी रुपले सहभागी गराउन राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को चौथो संशोधन मार्फत मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम लागू गरिएको छ। मध्यवर्ती क्षेत्रमा स्थानीय बासिन्दालाई आवश्यक पर्ने वन पैदावारको नियमित आपूर्ति लगायत संरक्षित क्षेत्रले आर्जन गरेको आम्दानीको ३० देखि ५० प्रतिशतसम्म प्राकृतिक श्रोतको संरक्षण, आय आर्जन, संरक्षण शिक्षा, सामुदायिक विकासको लागि समेत खर्च गरिदै आएको छ। यस कार्यक्रमबाट मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने स्थानीय बासिन्दा लाभान्वित भएका छन्।

१.२ विभागको दूरदृष्टि, गन्तव्य, मूल्य मान्यता तथा उद्देश्यहरु

१.२.१. **दूरदृष्टि** (VISION)

नेपालमा रहेका प्रमुख पारिस्थिकीय प्रणालीहरुको प्रतिनिधित्व हुने गरि सहभागितामुलक व्यवस्थापन मार्फत संरक्षित क्षेत्रहरुको दिगो संरक्षण गर्ने।

१.२.२. **गन्तव्य** (MISSION)

नेपालको प्राकृतिक स्रोत तथा जैविक विविधताको संरक्षण तथा व्यवस्थापन मार्फत पर्या-पर्यटनको विकास गरी स्थानीय समुदायको जीविकोपार्जनमा सुधार गर्दै राष्ट्रको आर्थिक समृद्धिमा टेवा पुऱ्याउनु ।

१.२.३. **प्रमुख मूल्य मान्यताहरु** (CORE VALUES)

- जैविक-विविधताको दिगो संरक्षण
- धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र व्यवस्थापन
- आमोद प्रमोद, साहसी पर्यटन, पर्यापर्यटनको प्रवर्द्धन
- अध्ययन तथा अनुसन्धान
- राजस्व आम्दानीमा योगदान
- रोजगारी सृजना
- स्थानीय समुदायको जीविकोपार्जनमा सुधार

१.२.४. **उद्देश्यहरु**

नेपालमा स्थानगत जैविक विविधता संरक्षण गर्ने प्रमुख उद्देश्यका साथ स्थापित विभाग र सो अन्तर्गतका संरक्षित क्षेत्रहरुको विशिष्ट उद्देश्यहरुः

- नेपालको विभिन्न भौगोलिक क्षेत्रमा रहेका पारिस्थिकीय प्रणालीहरुको (Ecosystems) संरक्षण गर्ने ।
- सङ्कटापन्न, दुर्लभ र महत्वपूर्ण वन्यजन्तु, वनस्पति (Fauna and Flora) लगायत जैविक विविधता संरक्षण गर्ने ।
- वन्यजन्तु, वनस्पति र तिनको बासस्थान संरक्षण एवं व्यवस्थापनको लागि अध्ययन अनुसन्धान गर्ने ।
- अद्वितीय सौन्दर्यका भू-दृश्यहरु, सिमसार, हरियाली, पहाड, हिमाल, पदयात्रा र मनोरञ्जनको दृष्टिकोणले महत्वपूर्ण मानिएका क्षेत्रहरुको संरक्षण गर्ने ।
- संरक्षित क्षेत्रहरु भित्र र आसपासमा बसोबास गर्ने बासिन्दाहरु एवं समुदायहरुको धार्मिक स्थल, परम्परागत रीतिरिवाज एवं सांस्कृतिको जर्गेना गर्न टेवा पुऱ्याउने ।
- मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रमबाट स्थानीय बासिन्दाहरुको अर्थपूर्ण सहभागितामा संरक्षण तथा सामुदायिक विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

१.३ विभागका नीतिहरु

राज्यले अङ्गिकार गरेको प्राकृतिक वातावरण, वन्यजन्तु र वनस्पतिको संरक्षण, सदुपयोग र व्यवस्थापन गर्ने नीति नै यस विभागको नीतिगत मार्गदर्शन हो । अतः विभागले आफ्नो घोषित उद्देश्यहरु हासिल गर्न निम्न नीतिहरु लिएको छ :

१. राष्ट्रको पारिस्थिकीय प्रणालीहरुको प्रतिनिधित्व हुने गरी जैविक विविधताको संरक्षणको लागि आवश्यकता अनुसार संरक्षित क्षेत्रहरुको घोषणा तथा बिस्तार गर्दै लैजाने ।

२. संरक्षित क्षेत्रहरुको जैविक विविधताको संरक्षणको लागि व्यवस्थापन योजना तयार गरी कार्यान्वयन गर्ने ।

३. सय्टापन्न, दुर्लभ र महत्वपूर्ण प्रजातिको संरक्षणको लागि ती प्रजातिको बासस्थानको संरक्षण, सम्वर्द्धन र सुधार गर्ने ।

४. जैविक विविधताको निरन्तरता दिन र वन्यजन्तुको आवगमनलाई सहज गर्न जैविक तथा सम्पर्क मार्गहरु (Corridors and Connectivities) को पहिचान, संरक्षण र व्यवस्थापन गर्ने ।

५. पारिस्थिकीय प्रक्रियाहरुलाई (Ecosystems Processes) व्यवस्थित गर्दै वातावरणीय सेवाहरु (Ecosystem Services) लाई मानव उपयोगी बनाउँदै लैजाने ।

६. अध्ययन, अनुसन्धानको माध्यमबाट जैविक विविधता र प्राकृतिक स्रोतहरुको दिगो उपयोगमा बढावा दिँदै संरक्षणमा जनसहभागिता अभिवृद्धि गर्दै लैजाने ।

७. जैविक विविधता तथा वातावरण संरक्षण सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धि, महासन्धिः CBD, CITES, RAMSAR, GTF, UNESCO/WHS, आदिको पक्षधर राष्ट्रको हैसियतले ती सन्धि र महासन्धिहरुको प्रभावकारी कार्यान्वयन गर्ने ।

८. गैर सरकारी संघ, संस्था तथा व्यक्तिहरुलाई वन्यजन्तुको दिगो संरक्षण, सम्वर्द्धन र सदुपयोग गरी आय एवं रोजगारीका अवसरहरुको वृद्धि गर्न वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान गर्न दिने ।

१.४ विभागका कार्यनीतिहरु

क. संरक्षित क्षेत्रहरुको व्यवस्थापन

१) संरक्षित क्षेत्रहरुको व्यवस्थापन योजना तर्जूमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने ।

२) संरक्षित क्षेत्रहरुको लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्नुपर्ने भएमा अध्ययन गरी संशोधनको लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने ।

३) जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी संरक्षित क्षेत्रहरुको विस्तार गर्ने कार्यमा जनसहभागिता जुटाउने सम्बन्धी कार्य गर्ने ।

४) घरपालुवा हात्ती व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।

५) शिकार अनुमति पत्रहरु दिने र शिकार सम्बन्धी अनुगमन गर्ने ।

६) सिमसार क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका कार्यहरु र ती क्षेत्रहरुको संरक्षण तथा व्यवस्थापन कार्यमा सम्बद्ध निकायहरुसँग समन्वय, सहकार्य र अनुगमन गर्ने ।

७) संरक्षित क्षेत्रभित्र नियमानुसार सेवा सञ्चालन गर्न दिने र सोको व्यवस्थापन कार्यहरु गर्ने ।

८) मानव वन्यजन्तु द्वन्द न्युनिकरण, घाइते तथा समस्याग्रस्त वन्यजन्तुको उद्धार सम्बन्धी कार्यहरु गर्ने ।

ख. अध्ययन अनुसन्धान

१) अनुसन्धान नीति तर्जूमा गरी स्वीकृत गराई कार्यान्वयन गर्ने र सो नीति अनुरुप अनुसन्धान अनुमति दिने ।

२) अनुसन्धान कार्यहरुको स्थलगत सुपरिवेक्षण गर्ने र दुर्लभ वन्यजन्तुको प्रजनन् केन्द्रहरुको सञ्चालन तथा अनुगमन गर्ने ।

३) वन्यजन्तुको तथ्याङ्क अद्यावधिक राख्ने ।

४) वन्यजन्तुको अनुगमन, स्थानान्तरण तथा गणना सम्बन्धी कार्यहरु गर्ने ।

५) नेपाल सरकारको निर्णयानुसार संरक्षण शिक्षा र अनुसन्धान प्रयोजनको लागि स्वदेश तथा विदेशका संघ संस्थाहरुलाई वन्यजन्तु दिने व्यवस्था मिलाउने ।

६) साइटिस लगायतका अन्य सन्धि, सम्झौताहरुको कार्यान्वयन गर्ने ।

ग. संरक्षण शिक्षा मार्फत जनचेतना अभिवृद्धि

१) जैविक विविधता संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने सामग्रीहरु तयार गरी प्रकाशन तथा प्रचार प्रसार गर्ने ।

२) संरक्षण शिक्षा सम्बन्धी प्रदर्शन गरिने वस्तुहरुको उत्पादन गरी आवश्यकतानुसार प्रदर्शन गर्ने ।

३) विभागीय पुस्तकालयको विकास एवं सञ्चालन गर्दै यसमा विद्यार्थीहरुको पहुँच बढाउने ।

४) संरक्षण सम्बन्धी दिवस र समारोहहरु आयोजना गर्ने, चौमासिक संरक्षण समाचार प्रकाशन गरी वितरण गर्ने ।

५) संरक्षित क्षेत्रमा शैक्षिक एवं व्यापारिक प्रयोजनको लागि चलचित्र डकुमेन्ट्री छायाङ्कन गर्न अनुमति प्रदान गर्ने तथा अनुगमन समेत गर्ने ।

घ. वार्षिक योजना तर्जुमा र कार्यान्वयन

१) विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक योजना तर्जुमा गोष्ठी गरी प्रस्तावित कार्यक्रम तयार गर्ने ।

२) संघ संस्था दातृ निकायहरुबाट जिल्लास्थित कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमहरुको विवरण लिने र दोहोरो नपर्ने गरी कार्यक्रम तयार गर्ने गराउने ।

३) बजेटको सीमा, विभागको लक्ष्य, आवधिक योजनामा उल्लेखित कार्यहरुलाई समावेश गरी विभाग र विभाग अन्तर्गतका कार्यालयहरुको बजेट तथा कार्यक्रमलाई अन्तिम रुप दिई वन तथा वातावरण मन्त्रालयमा पेश गर्ने ।

४) प्रस्तावित बजेट तथा कार्यक्रम स्वीकृतिको सिलसिलामा वन तथा वातावरण मन्त्रालय, राष्ट्रिय योजना आयोग र अर्थ मन्त्रालयमा हुने छलफलमा महानिर्देशक, उपमहानिर्देशक, आर्थिक प्रशासन शाखा प्रमुख, योजना शाखा प्रमुख र अनुगमन तथा मूल्याङ्कन शाखा प्रमुखहरुलाई समेत सहभागी गराउने ।

५) स्वीकृत वार्षिक कार्यक्रम सम्बन्धित कार्यालयहरुलाई यथाशीघ्र उपलब्ध गराउने व्यवस्था गर्ने ।

६) विभाग र अन्तरगत कार्यरत कर्मचारीहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरुको व्यवस्था तथा समन्वय गर्ने र आवश्यक कार्यशाला गोष्ठीहरु आयोजना र सञ्चालन गर्ने ।

७) सञ्चालित र सम्पन्न भएका कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गरी उक्त कार्यक्रमको प्रभाव र असरका आधारमा आगामी वर्षको कार्यक्रम तय गर्न समन्वय गर्ने ।

ङ. अनुगमन मूल्याङ्कन

१) स्वीकृत योजना र कार्यक्रम कार्यान्वयनको अनुगमन र मूल्याङ्कन गर्ने वार्षिक कार्य योजना तयार गर्ने ।

२) वार्षिक कार्य योजना अनुरुप कार्यक्रमहरुको अनुगमन र मूल्याङ्कन गरी प्रगति विवरणहरु सम्बन्धित निकायहरुमा पठाउने ।

३) विभिन्न आयोजना र परियोजनासँग समन्वय गरी संरक्षण र विकास कार्यक्रम सञ्चालनको अनुगमन र मूल्याङ्कन गर्ने ।

४) वार्षिक कार्यक्रम अनुगमन तथा मूल्याङ्कनको विवरण सहित वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन गर्ने ।

१.५ ऐन, कानून तथा नीतिहरु

ऐनहरु

- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९
- संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापारलाई नियमन तथा नियन्त्रण गर्ने ऐन, २०७३

नियमावलीहरु

- हात्तीको व्यवस्था गर्ने नियमहरु, २०२२
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३०
- चितवन राष्ट्रिय निकुञ्ज नियमावली, २०३०
- वन्यजन्तु आरक्ष नियमावली, २०३४
- हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६
- खप्तड राष्ट्रिय निकुञ्ज नियमावली, २०४४

- मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२
- बर्दिया राष्ट्रिय निकुञ्ज नियमावली, २०५३
- संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३
- संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७
- कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४
- बाँके राष्ट्रिय निकुञ्ज नियमावली, २०७१

रणनीतिहरु

- वन डढेलो व्यवस्थापन रणनीति, २०६७
- वन अतिक्रमण नियन्त्रण रणनीति, २०६८

निर्देशिकाहरु

- मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६
- वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (तेस्रो संशोधन, २०७५)
- राष्ट्रिय प्राणी उद्यान केन्द्र सञ्चालन निर्देशिका, २०७२
- यार्सागुम्बा व्यवस्थापन (संकलन तथा ओसारपसार) निर्देशिका, २०७३

मापदण्ड

- मध्यवर्ती क्षेत्र (उद्योग स्थापना र सञ्चालन) मापदण्ड, २०६२

दिग्दर्शन

- संरक्षित क्षेत्रको कार्यक्रम कार्यान्वयन दिग्दर्शन, २०७३

कार्यविधिहरु

- हिमाली तथा पहाडी संरक्षित क्षेत्रभित्र साहसिक पर्यटकीय सेवाहरु सञ्चालन गर्ने सम्बन्धी कार्यविधि, २०६७
- संरक्षित क्षेत्र अनुसन्धान कार्यविधि, २०६९
- सगरमाथा राष्ट्रिय निकुञ्ज भित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७०
- लामटाङ राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र भित्र होटल, लज तथा चिया पसल सञ्चालन कार्यविधि, २०७०
- वन्यजन्तुको आखेटोपहर व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७२
- सुराकी परिचालन कार्यविधि, २०७२

- संरक्षित क्षेत्रको व्यवस्थापन योजना तयारी कार्यविधि, २०७३
- वन्यजन्तु उद्धार केन्द्र व्यवस्थापन कार्यविधि, २०७३
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी कार्यविधि, २०७४ ।

प्रमुख नीति तथा कार्यनीतिहरु

- घरपालुवा हात्ती व्यवस्थापन नीति, २०६०
- वन्यजन्तु पालन, प्रजनन तथा अनुसन्धान कार्यनीति, २०६०
- निकुञ्ज, आरक्ष वा संरक्षण क्षेत्र गैह्र सरकारी वा अन्य संस्थालाई व्यवस्थापन गर्न दिने नीतिको सम्बन्धमा अवलम्वन गरिने कार्य प्रक्रिया, २०६०
- संरक्षित क्षेत्रभित्र भौतिक पूर्वाधारहरु निर्माण एवं सञ्चालन सम्बन्धी कार्यनीति, २०६५
- राष्ट्रिय सिमसार नीति, २०६९
- राष्ट्रिय वन नीति, २०७५

विविध

- राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको गठन तथा काम, कर्तव्य र अधिकार, २०६७
- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति र वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक ढाँचा तथा काम, कर्तव्य र अधिकार, २०६७

१.६ विभागको सांगठनिक संरचना

१.६.१ राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संगठन संरचना

विभागको स्वीकृत साँगठनिक संरचना (२०७१) अनुसार महानिर्देशक सहित २ वटा महाशाखाहरु र ९ वटा शाखाहरु रहेका छन् । यस विभाग अन्तर्गत १२ राष्ट्रिय निकुञ्ज, १ वन्यजन्तु आरक्ष, १ शिकार आरक्ष, ६ संरक्षण क्षेत्र र २ प्राणी उद्यानहरु रहेका छन् । ६ संरक्षण क्षेत्रहरु मध्ये ४ वटा संरक्षण क्षेत्र (अन्नपूर्ण संरक्षण क्षेत्र, गौरीशंकर संरक्षण क्षेत्र, मनास्लु संरक्षण क्षेत्र र कञ्चनजङ्घा संरक्षण क्षेत्र) मा सम्पर्क अधिकारीको कार्यालयहरु रहेका छन् । यस विभाग र अन्तर्गत निकायहरुमा जम्मा निजामती कर्माचारीको दरबन्दी १९०९ रहेको छ । यस विभागमा कार्यरत कर्मचारीहरुको नामावली अनुसूची-२३ मा राखिएको छ ।

चित्र १ : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको संगठन संरचना



१.६.२ विभागको महाशाखाहरु तथा शाखाहरुको कार्य विवरण

विभागमा दुई वटा महाशाखाहरु : योजना तथा व्यवस्थापन र अनुसन्धान तथा प्रचार प्रसार महाशाखा रहेका छन् । दुवै महाशाखाले महानिर्देशकको प्रत्यक्ष सुपरीवेक्षण र नियन्त्रणमा रही आफ्नो कार्य सम्पादन गर्दछन् । दुवै महाशाखाहरुमा एक-एक जना उप-महानिर्देशकले नेतृत्व गर्दछन् । प्रत्येक महाशाखामा तीन-तीन वटा शाखाहरु रहेका छन् ।

१.६.२.१ योजना तथा व्यवस्थापन महाशाखाको कार्य विवरण

- विभाग तथा मातहत कार्यालयको योजना तर्जुमा, कार्यान्वयन, व्यवस्थापन योजना तयारी सम्बन्धी काम गर्ने ।

- प्रचलित ऐन/नियम नीतिको परिधिमा रही राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रहरुमा संचालित योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन सम्बन्धी काम गर्ने ।
- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रहरुको विकास विस्तारको लागि सम्भाव्यता अध्ययन लगायत प्रस्तावहरु तयार गर्ने ।
- स्वीकृत व्यवस्थापन योजना कार्यान्वयनका लागि नीतिगत एवं कानूनी जटिलताको समाधानका लागि आवश्यक कार्य गर्ने ।
- विभाग र सो अन्तर्गतका संरक्षित क्षेत्रभित्र संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने र चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने ।
- आफ्नो महाशाखा अन्तर्गत सम्बन्धित विषयमा हुने सभा, गोष्ठी, सेमिनारमा भाग लिन कर्मचारीलाई खटाउने ।
- कर्मचारीको कार्य विभाजन गरी कामको सुपरीवेक्षण, निर्देशन र नियन्त्रण तथा प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पादन मूल्याङ्कन, प्रोत्साहन, पुरस्कार सम्बन्धी काम गर्ने ।
- महाशाखाको भौतिक साधनहरुको स्याहार संभार, मर्मत तथा सुरक्षा गर्ने व्यवस्था मिलाउने ।
- महाशाखा सम्बन्धी तथ्याङ्क तथा सूचनाहरु संकलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने ।

यस महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण यस प्रकार छ :

१.६.२.१.१ योजना शाखा

- स्वीकृत राष्ट्रिय नीति, जैविक विविधता संरक्षणका कार्यक्रम अनुसार अनुगमन तथा मूल्याङ्कन शाखाको अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन समेतको आधारमा राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रको संरक्षण एवं व्यवस्थापनको लागि विभाग र अन्तर्गतका कार्यालयहरुको योजना तथा कार्यक्रमहरु तयार गरी स्वीकृतिको लागि पेश गर्ने ।
- स्वीकृत योजनाहरुको कार्यान्वयनका लागि उपर्युक्त प्रक्रिया र विधि तय गर्ने, सो पेश गरी स्वीकृति भए बमोजिम सम्बन्धित निकायहरुमा कार्यक्रम अख्तियारी तथा अन्य मार्गदर्शन पठाउने वा जानकारी गराउने ।
- योजना सम्बन्धी काममा राष्ट्रिय योजना आयोग, वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागबीचको सम्पर्क बिन्दुको रुपमा काम गर्ने ।
- तथ्याङ्क सङ्कलन, वर्गीकरण, अद्यावधिक तथा सूचनाहरु सार्वजनीकरण गर्ने ।
- स्वीकृत योजना र कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक जानकारी लिने ।
- विभाग र अन्तर्गत कार्यरत कर्मचारीहरुको लागि आवश्यक पर्ने विभिन्न किसिमका तालिमहरुको व्यवस्था गर्ने ।
- योजना तथा कार्यक्रमहरुसँग सम्बन्धित कार्यशाला गोष्ठीहरु आयोजना तथा सञ्चालन गर्ने, भाग लिने ।

१.६.२.१.२ व्यवस्थापन शाखा

- राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुको व्यवस्थापन योजना तयार तथा स्वीकृत गर्न सहयोग पुऱ्याउने र कार्यान्वयन एंव अद्यावधिक गर्दै जाने ।
- जैविक विविधता संरक्षणको दृष्टिकोणले महत्वपूर्ण क्षेत्रहरुको सम्भाव्यता अध्ययन गरी निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रहरुको विस्तार गर्ने ।
- घरपालुवा हात्ती व्यवस्थापन सम्बन्धी कार्य गर्ने ।
- शिकार व्यवस्थापन गर्ने तथा अनुमति पत्र दिने र शिकार सम्बन्धी अनुगमन गर्ने ।
- संरक्षित क्षेत्रभित्र सेवा सञ्चालन तथा सोको व्यवस्थापन सम्बन्धी कार्यहरु गर्ने ।
- मध्यवर्ती क्षेत्रमा प्राप्त हुने राजश्व एकीन गरी सोको आधारमा कार्यक्रम तयार गरी गराई स्वीकृतिको लागि पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रहरुको व्यवस्थापन योजनाहरुको तर्जूमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन गर्ने एवं अद्यावधिक गर्दै जाने ।
- मध्यवर्ती क्षेत्रको लागि आवश्यक पर्ने ऐन, नियम, नीति, निर्देशिकामा समयानुकूल परिमार्जन गर्नुपर्ने भएमा अध्ययन गरी संशोधनका लागि पेश गर्ने ।
- संरक्षित क्षेत्र भित्र सञ्चालन गरिने सेवाको लागि समयानुकूल राजश्व दरको निर्धारण गरी पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको चौमासिक तथा वार्षिक प्रगति तयार गरी पेश गर्ने ।
- मध्यवर्ती क्षेत्रमा सञ्चालित कार्यक्रमको व्यवस्थापकीय प्रभावकारिता अध्ययन गरी वार्षिक रुपमा समीक्षा गर्ने ।

१.६.२.१.३ अनुगमन तथा मूल्याङ्कन शाखा

- विभाग र अन्तर्गतका कार्यालयहरुबाट सञ्चालित वार्षिक कार्यक्रम, योजना तथा आयोजनाहरुको लक्ष्य हासिल भएको नभएको अनुगमन तथा मूल्याङ्कन गर्ने गराउने ।
- विभाग र अन्तर्गतका कार्यालयहरुको मासिक, चौमासिक र वार्षिक प्रतिवेदनहरु सङ्कलन र तयार गरी तालुक निकायमा पठाउने र सरोकारवालाहरुलाई जानकारी गराउने ।
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन पद्धतिको विकास गर्ने, अनुगमन प्रतिवेदनहरु अद्यावधिक गर्ने गराउने ।
- विभाग र अन्तर्गत कार्यालयका विकास निर्माण तथा अन्य विषयमा भएका विविध गतिविधिको प्रगति विवरण तयार एवं समीक्षा गर्ने ।
- संरक्षित क्षेत्रभित्र सञ्चालित कार्यक्रमहरुको अनुगमन गरी सोको उपलब्धी र प्रभावकारिताको आधारमा आगामी वर्षको कार्यक्रम तयार गर्न योजना शाखालाई सहयोग र समन्वय गर्ने ।

१.६.२.२ अनुसन्धान तथा प्रचारप्रसार महाशाखाको कार्य विवरण

- संरक्षित वन्यजन्तुको संरक्षण सम्वन्धी चुनौती, सीमापार संरक्षण, चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण र आखेटोपहार पहिचान र व्यवस्थापन तथा अध्ययन, अनुसन्धान गर्ने ।
- संरक्षण सम्बन्धी विद्युतीय तथ्याङ्क तथा सूचनाहरु सङ्कलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने, राख्न लगाउने ।
- संरक्षण सम्बन्धी तथ्याङ्क तथा सूचनाहरु संकलन, अद्यावधिक तथा वर्गीकरण गरी राख्ने, राख्न लगाउने ।
- आफ्नो महाशाखा अन्तर्गत सम्बन्धित विषयमा हुने सभा, गोष्ठी, सेमिनारमा भाग लिन कर्मचारीलाई खटाउने ।
- कर्मचारीको कार्य विभाजन गरी कामको सुपरीवेक्षण, निर्देशन र नियन्त्रण तथा प्रत्यायोजित अधिकार बमोजिम कार्य सम्पादन मूल्याङ्कन, प्रोत्साहन पुरस्कार सम्बन्धी काम गर्ने ।
- महाशाखाको भौतिक साधनहरुको स्याहार संभार, मर्मत तथा सुरक्षा गर्ने व्यवस्था मिलाउने ।

यस महाशाखा अन्तर्गतका शाखाहरुको कार्य विवरण यस प्रकार छ :

१.६.२.२.१ इकोलोजी शाखा

- अनुसन्धान नीति तर्जुमा गरी स्वीकृत गराउने र अनुसन्धान अनुमति सम्बन्धी कार्य गर्ने ।
- अनुसन्धान कार्यहरुको स्थलगत सुपरीवेक्षण, अनुगमन गर्ने ।
- वन्यजन्तुको तथ्याङ्क अद्यावधिक राख्ने, वन्यजन्तुको संरक्षणका नीतिहरु कार्यान्वयन गर्ने ।
- वन्यजन्तुको स्थानान्तरण, गणना सम्बन्धी कार्यहरु गर्ने ।
- प्रजाति संरक्षण तथा भू-परिधि कार्ययोजना सम्बन्धी कार्य गर्ने ।
- संरक्षण र अनुसन्धान प्रयोजनको लागि वन्यजन्तु स्वदेश तथा विदेशका संघ संस्थाहरुलाई नेपाल सरकारको निर्णयानुसार आदान प्रदान गर्ने व्यवस्था मिलाउने ।
- संरक्षणसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सन्धि, सम्झौताहरुको कार्यान्वयन गर्ने ।
- सिमसार क्षेत्रहरुको व्यवस्थापनका कार्यहरु र तिनको व्यवस्थापन कार्यमा सम्वद्ध निकायहरुसँग समन्वय र अनुगमन गर्ने ।

१.६.२.२.२ संरक्षण शिक्षा शाखा

- जैविक विविधता संरक्षणका लागि जनचेतना अभिवृद्धि गर्ने सामग्रीहरु तयार गरी प्रकाशन र प्रसारण गर्ने ।
- संरक्षण सम्बन्धित दिवस र समारोहहरु आयोजना गर्ने, सञ्चालन गर्ने साथै विभागको चौमासिक संरक्षण समाचार प्रकाशन गरी वितरण गर्ने ।
- चलचित्र डकुमेन्ट्री छायाँङ्कन सम्बन्धी कानून बमोजिम अनुमति प्रदान गर्न आवश्यक सहजीकरण गर्ने ।
- संरक्षण शिक्षा सम्बन्धी जैविक विविधता पुस्तकालय व्यवस्थित गर्ने ।

- राष्ट्रिय तथा क्षेत्रीय स्तरका संरक्षण शिक्षा सूचना केन्द्र स्थापना, सञ्चालन तथा व्यवस्थापनका लागि समन्वय गर्ने ।

१.६.२.२.३ सूचना प्रविधि शाखा

- विभागको वेभसाइट सञ्चालन, शाखाहरुमा नेटवर्किङ व्यवस्थापन गर्ने ।
- विभागका लागि आवश्यक सफ्टवेयर तयार गर्ने, गराउने र शाखाहरुको महत्वपूर्ण तथ्याङ्कहरु व्यवस्थित ढंगले विद्युतीय माध्यमबाट अभिलेख गर्ने ।
- विभाग अन्तरगत कार्यालयहरुमा सूचना प्रणालीको विकास गर्न आवश्यक सहयोग र समन्वय गर्ने ।
- विभाग र अन्तर्गतका कार्यालयहरुबाट प्राप्त सूचनाको आधारमा सूचना, तथ्याङ्क र कार्यक्रमहरू कम्प्युटरमा प्रवृष्टि गर्ने तथा तथ्याङ्क अद्यावधिक गर्ने ।
- शाखाहरुमा रहेका कम्प्युटरको सुरक्षा, मर्मत संभार र सञ्चालनका लागि आवश्यक सहयोग र समन्वय गर्ने ।
- विभागले खरिद गर्ने कम्प्युटर र उपकरणमा गुणस्तरको लागि सुझाव पेश गर्ने ।
- विभाग अन्तर्गतका कार्यालयका कर्मचारीका लागि आवश्यक कम्प्युटर तालिम प्रस्ताव एवं सञ्चालन गर्ने ।
- डिजिटल हाजिरी मेशिन सञ्चालन गरी साप्ताहिक विवरण महानिर्देशक समक्ष नियमित रुपमा पेश गर्ने ।
- सूचना प्रविधि सम्बन्धी अन्य कार्य गर्ने ।

१.६.३ कर्मचारी प्रशासन शाखा

- कर्मचारीहरुको नियुक्ती, सरुवा, बढुवा, स्वदेश तथा विदेशमा तालिम, अध्ययन, अध्ययन भ्रमण आदिमा मनोनयनका साथै दण्ड पुरस्कार र विभागीय कारवाहीको शुरु कारवाही गर्ने ।
- विभाग र अन्तरगत कार्यालयहरुको आन्तरिक प्रशासन र कर्मचारी प्रशासन सम्बन्धी कार्य गर्ने ।
- सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम सार्वजनिक खरिद योजना तयार गर्ने, कार्यान्वयनको लागि निर्णय गर्ने, खरिद भएको जिन्सी सामानको दाखिला, भौतिक सम्पत्तिको सुरक्षा, मर्मत सम्भार गर्ने, गराउने, लिलाम बिक्री सम्बन्धी कार्य गर्ने ।
- विभागका शाखा प्रमुख, महाशाखा एवं विभागीय प्रमुखसँग प्रशासनिक विषयहरुमा आवश्यकता अनुरुप राय आदान प्रदान गर्ने ।
- जन गुनासो व्यवस्थापन, अख्तियार दुरुपयोग अनुसन्धान आयोग तथा सतर्कता केन्द्रको निर्देशन कार्यान्वयन गर्ने गराउने ।

१.६.४ आर्थिक प्रशासन शाखा

- विभाग र अन्तर्गत कार्यालयहरुको लागि योजना शाखासँग समन्वय गरी बजेट तर्जुमा कार्यमा सहयोग गर्ने र स्वीकृत बजेट नियमानुसार निकासा दिने, खर्चको अभिलेख राख्ने ।

- विभाग र अन्तर्गत कार्यालयहरुको राजश्व र धरौटी समेतको केन्द्रीय आर्थिक विवरण तयार गरी तालुक निकायमा पठाउन पेश गर्ने ।
- सञ्चालित कार्यक्रम/आयोजनाहरुको चौमासिक र वार्षिक खर्चको फाँटवारी तयार गर्ने । आर्थिक सर्वेक्षण तथा बजेट तर्जुमा कार्यमा अन्य शाखालाई सहयोग गर्ने ।
- आर्थिक कारोबारमा माग भए बमोजिम राय पेश गर्ने ।
- आर्थिक कारोबार सम्बन्धी सम्पूर्ण श्रेस्ता दुरुस्त राख्ने, आन्तरिक र अन्तिम लेखापरीक्षण गराउने ।
- कर्मचारीले पाउने पारिश्रमिक (तलव, भत्ता, खाद्यान्न, पोशाक) लगायतका अन्य सुविधाहरु समयमै उपलव्ध गराउने ।
- विभाग र अन्तर्गत कार्यालयहरुको बेरुजुको अभिलेख अद्यावधिक गर्ने, गराउने ।
- लेखापरीक्षणबाट देखिन आएका बेरुजुहरु नियमानुसार फर्स्यौट गर्ने, गराउने ।

१.६.५ वन्यजन्तु अपराध नियन्त्रण शाखा

- वन्यजन्तुको अपराध नियन्त्रणका लागि केन्द्रीय स्तरमा सरोकारवाला निकायहरुसँग समन्वय गर्ने ।
- मातहतका कार्यालयहरुमा चोरी शिकार नियन्त्रण इकाई प्रभावकारी रुपमा परिचालन गर्न आवश्यक राय सुझाव पेश गर्ने ।
- वन्यजन्तु चोरी शिकारमा संलग्न व्यक्तिहरुको अभिलेख तयार गर्ने ।
- विभाग र अन्तरगतका कार्यालयहरुमा वन्यजन्तु सम्बन्धी अपराधका विषयहरुमा अदालती कारबाहीमा रहेका विषयवस्तुसँग आवश्यक पर्ने जवाफ, प्रतिवेदन तयार गर्ने ।
- वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धमा केन्द्रीय स्तरमा सञ्जाल गठन गर्ने कार्यमा आवश्यक सहयोग उपलव्ध गराउने ।
- वन्यजन्तु अपराध नियन्त्रण तथा तथ्याङ्क अद्यावधिक गर्ने सम्बन्धी कार्यको लागि वन विभाग र SAWEN सँग नियमित समन्वय गर्ने ।

१.७ विभागलाई मार्ग निर्देशन गर्ने समितिहरु

- राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल
- राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति

१.७.१ **राष्ट्रिय बाघ संरक्षण समिति, नेपाल** (National Tiger Conservation Committee, Nepal-NTCC)

नेपाल सरकारलाई नीतिगत मार्ग दर्शन र राय सल्लाह दिन तथा विभिन्न सरोकारवाला निकायहरुबीच समन्वयको

लागि मन्त्रिपरिषद्को मिति २०६७।२।२ को निर्णयानुसार सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको गठन भएको छ। राष्ट्रिय बाघ संरक्षण समिति, नेपालको सांगठनिक संरचना अनुसूची २१.१ मा दिइएको छ। राष्ट्रिय बाघ संरक्षण समितिको बैठक संख्या तथा मिति सम्बन्धी विवरण तालिका १ मा प्रस्तुत गरिएको छ।

तालिका १ : राष्ट्रिय बाघ संरक्षण समितिको बैठक संख्या तथा मिति

क्र.सं.	बैठक संख्या	अध्यक्षता	मिति
१	प्रथम	सम्माननीय प्रधानमन्त्री माधवकुमार नेपाल	२०६७ साल श्रावण १६ गते
२	दोश्रो	सम्माननीय प्रधानमन्त्री झलनाथ खनाल	२०६८ साल श्रावण १३ गते
३	तेश्रो	सम्माननीय प्रधानमन्त्री बाबुराम भट्टराई	२०६९ साल श्रावण १४ गते
४	चौथो	सम्माननीय मन्त्रिपरिषद्का अध्यक्ष खिलराज रेग्मी	२०७० साल श्रावण १४ गते
५	पाँचौ	सम्माननीय प्रधानमन्त्री सुशील कोइराला	२०७१ साल पौष ०७ गते
६	छैठौं	सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा, ओली	२०७३ साल आषाढ २ गते

१.७.२ राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति (National Wildlife Crime Control Coordination Committee (NWCCCC)

वन्यजन्तुको चोरी शिकारी र यसका अङ्ग प्रत्यङ्गको अवैध व्यापारलाई प्रभावकारी रुपमा नियन्त्रण गर्न कठिनाई भइरहेको अवस्थामा महत्वपूर्ण वन्यजन्तु सधैको लागि लोप हुन जाने सम्भावनालाई दृष्टिगत गरी यसको नियन्त्रणको लागि जिम्मेवार निकायहरुको प्रभावकारी समन्वयको आवश्यकता जरुरी रहेको छ। यी दुर्लभ सम्पदाको अवैध व्यापार नियन्त्रणको लागि एउटा छुट्टै निकायको स्थापनाको लागि सम्बन्धित क्षेत्रहरुबाट राय, सुझाव र सहयोग जुटाउन तथा आवश्यक राय सुझाव र निर्देशन दिनका लागि वन तथा वातावरण मन्त्रीको अध्यक्षतामा एक उच्चस्तरीय राष्ट्रियस्तरमा वन्यजन्तु अपराध नियन्त्रण समन्वय समिति गठन र स्थापना गर्न मनासिव भएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७।८।५ को निर्णय बमोजिम संरचना स्थापना भई कार्यहरु हुँदै आएका छन्। राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको सांगठनिक संरचना अनुसूची २१.२ मा दिइएको छ।

आ.व. २०७४/७५ मा राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको मिति २०७४/०७/१२ र मिति २०७५/०३/२४ मा गरी दुई पटक बैठक सम्पन्न भएको थियो र विभिन्न १४ वटा निर्णयहरु भएका थिए। निर्णयहरुको विस्तृत विवरण अनुसूची २१.४ मा समावेश गरिएको छ।

१.७.३ वन्यजन्तु अपराध नियन्त्रण इकाई

वन्यजन्तु अपराध नियन्त्रण इकाई केन्द्रीय स्तर र जिल्ला स्तरमा गरी दुई तहमा रहेका छन्।

१.७.३.१ केन्द्रिय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाई (Central Level Wildlife Crime Control Bureau-WCCB)

राष्ट्रिय वन्यजन्तु अपराध नियन्त्रण समन्वय समितिको निर्देशनमा वन्यजन्तुको शिकार तथा तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापार नियन्त्रण गर्ने, वन्यजन्तु र वनजन्य अपराध नियन्त्रण गर्न सम्बद्ध निकायहरु बीच समन्वय गर्ने र चोरी शिकार हुन नदिन र वन्यजन्तु र तिनका अङ्ग प्रत्यङ्गको अवैध व्यापार नियन्त्रण गर्न नियमित अनुगमन गर्ने कार्यहरु गर्नका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशकको संयोजकत्वमा केन्द्रीय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको गठन र स्थापना गर्न मनासिव देखिएकोले नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०६७/८/५ को निर्णय बमोजिम सांगठनिक संरचना स्थापना भई कार्यहरु हुँदै आएका छन् । केन्द्रीय स्तरको वन्यजन्तु अपराध नियन्त्रण इकाईको सांगठनिक ढाँचा अनुसूची २१.३ दिइएको छ ।

आ.व. २०७४/७५ मा केन्द्रीय वन्यजन्तु अपराध नियन्त्रण इकाईको मिति २०७४/०७/१० र मिति २०७५/०२/२३ मा गरी दुई पटक बैठक सम्पन्न भएको थियो र विभिन्न ११ वटा निर्णयहरु भएका थिए । निर्णयहरुको विस्तृत विवरण अनुसूची २१.५ मा समावेश गरिएको छ ।

१.७.३.२ जिल्ला स्तरीय वन्यजन्तु अपराध नियन्त्रण इकाई (Wildlife Crime Control Bureau-WCCB)

जिल्लास्तरमा जिल्ला वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, निकुञ्ज तथा आरक्षमा खटिएको नेपाली सेनाको प्रतिनिधि र सम्बन्धित राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको अधिकृत स्तरको प्रतिनिधित्व भएको एक इकाई हुने व्यवस्था गरेको छ । एक भन्दा बढी जिल्ला ओगटेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको हकमा सम्बन्धित सबै जिल्लाको इकाईमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्षको प्रतिनिधित्व हुनेछ । यस इकाईका सदस्यहरुलाई काजमा खटाइने छ ।

हालसम्म २६ जिल्लामा २४ स्थानमा (काठमाडौँ, भक्तपुर र ललितपुर जिल्लाको एउटा इकाई) वन्यजन्तु अपराध नियन्त्रण इकाई गठन भई कार्य सञ्चालन भइरहेको छ ।

(१) (क) **काठमाडौं**	(ख) **ललितपुर**
(ग) भक्तपुर	(२) झापा
(३) सिन्धुपाल्चोक	(४) रसुवा
(५) पर्सा	(६) चितवन
(७) नवलपरासी	(८) बाँके
(९) बर्दिया	(१०) कञ्चनपुर
(११) दार्चुला	(१२) गोरखा
(१३) कास्की	(१४) संखुवासभा
(१५) दोलखा	(१६) ताप्लेजुङ्ग
(१७) मुस्ताङ	(१८) डोल्पा

(१९) सुर्खेत (२०) कैलाली

(२१) बझाङ (२२) हुम्ला

(२३) सुनसरी (२४) सोलुखुम्बु

१.८ प्रमुख चुनौतीहरु

विभागले आफ्नो कार्य सम्पादन गर्दा गर्दै पनि विभिन्न चुनौतीहरुको सामना गर्दै आइरहेको छ। प्रमुख चुनौतीहरु यस प्रकार छन् :

१. वन पैदावार र वन्यजन्तुको चोरी शिकार तथा अवैध व्यापार।

२. संरक्षित क्षेत्रको सिमाना भित्र बस्ती र जग्गा अतिक्रमण।

३. कमजोर भौतिक संरचना र साधन स्रोतको अपर्याप्तता।

४. कर्मचारीहरुमा व्यवसायिक कार्यकुशलताको कमी।

५. विद्यमान कानूनको समय सापेक्ष संशोधनमा ढिलाई।

६. मानव वन्यजन्तु बीचको द्वन्द्व।

७. प्राकृतिक स्रोत माथिको बढ्दो मानवीय चाप।

८. वातावरण मैत्री पूर्वाधार विकास हुन नसक्नु।

९. विशिष्टिकृत अदालतको व्यवस्था नहुनु।

१०. घाइते, टुहुरा वन्यजन्तुको व्यवस्थापन गर्न कठिनाई।

११. नदीजन्य निर्माण सामाग्रीको अवैध प्रयोग तथा नीतिगत द्विविधा।

१२. मिचाहा प्रजातिको व्यवस्थापन गर्न कठिनाई।

१३. वन्यजन्तुको बासस्थान खुम्चनु, क्षयीकरण हुनु तथा संरक्षित क्षेत्र बीचमा जैविक मार्ग सहज नहुनु।

भाग–दुई

आर्थिक वर्ष २०७४/७५ मा सञ्चालित कार्यक्रमहरु

२.१.१ आ.व. २०७४/७५ मा संचालित आयोजनाहरु १९
२.१.२ आयोजनागत बजेट विनियोजनको स्थिति १९
२.१.३ आ.व. २०७४।७५ मा वजेट फिर्ता (Surrender) भएको विवरण २०
२.१.४ आ.ब. २०७४।७५ को आयोजनागत बार्षिक बजेट तथा खर्चको स्थिति २३
२.१.५ आयोजनागत भारित तथा वित्तिय प्रगति विवरण २४
२.१.६ आयोजनागत मुख्य मुख्य उपलब्धिहरु २५
२.१.६ आ.व. २०७३।७४ र २०७४।७५ को भारित तथा वित्तीय प्रगतिको तुलनात्मक विवरण २८
२.३ विभाग र अन्तर्गत कार्यालयहरुको वार्षिक वेरुजु फछ्र्यौटको विवरण २८
२.४ संरक्षित क्षेत्रमा पर्यटक ३०
२.५ विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक राजश्व संकलनको विवरण ३०
२.६ सार्वजनिक सेवा प्रवाह र सूचनाको हक सम्बन्धी व्यवस्था ३१
२.७ आयोजना/परियोजनाहरु ३१

२.१.१ आ.व. २०७४/७५ मा संचालित आयोजनाहरु

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गत कार्यालयहरुमा आ.ब. २०७४/७५ मा देहाय बमोजिमका आयोजनाहरु संचालन भएका थिए ।

क्र.स.	आयोजना	प्राथमिकता क्रम	स्रोत
१	राष्ट्रिय निकुञ्ज आयोजना (३२९११५)	P1	नेपाल सरकार
२	राष्ट्रपति चुरे (तराई मधेश संरक्षण विकास समिति (३२९१२४)	P1	नेपाल सरकार
३	वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना (३२९१२७)	P1	नेपाल सरकार
४	जडिबुटी विकास कार्यक्रम (३२९१०२)	P1	नेपाल सरकार
५	राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष (३०१८०१)	P1	नेपाल सरकार
६	कबुलियती तथा सामुदायिक वन विकास कार्यक्रम (३२९८०८)	P1	नेपाल सरकार
७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०१७)(साधारण तर्फ	P1	नेपाल सरकार
८	मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम (३२९०१७) (साधारण तर्फ	P1	नेपाल सरकार
९	वन्यजन्तु आरक्ष आयोजना (३२९११४)	P2	नेपाल सरकार
१०	हात्तीसार आयोजना (३२९०१९)(साधारण तर्फ)	P2	नेपाल सरकार

२.१.२ आयोजनागत बजेट विनियोजनको स्थिति

आ.ब. २०७४।७५ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र अन्तर्गत कार्यालयहरुमा संचालित आयोजनाहरुमा विनियोजन भएको बजेटको स्थिति देहाय बमोजिम रहेको छ ।

चित्र २ : आयोजनागत विनियोजित बजेट २०७४/७५



- राष्ट्रिय निकुञ्ज आयोजना
- राष्ट्रपति चुरेतराई मधेश संरक्षण विकास समिति
- वन्यजन्तु संरक्षणका लागी क्षेत्रिय सहयोग प्र.आयोजना
- जडिबुटी विकास कार्यक्रम
- राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष
- कबुलियती तथा सामुदायिक वन विकास कार्यक्रम
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम
- वन्यजन्तु आरक्ष आयोजना
- हात्तीसार आयोजना

२.१.३ आ.व. २०७४।७५ मा वजेट फिर्ता (Surrender) भएको विवरण

तालिका २ : राष्ट्रिय निकुञ्ज आयोजना **(रकम रु. हजारमा)**

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
१	कृष्णसार संरक्षण क्षेत्र कार्यालय		
२९६११	ग्याविन जाली फेन्सिंग	१०००	१०००
२९६११	मानव वन्यजन्तु द्वन्द्व न्युनिकरणका लागि सोलार फेन्स र आर.सी.सी.वाल निर्माण	२०००	२०००
२२५२२	सेना, प्रहरी, प्रशासन र नागरिक समाजसंगको सहकार्यमा डढेलो नियन्त्रण	३५०	२७५
	जम्मा :	३३५०	३२७५
२	शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज कार्यालय		
२९२२१	मुख्य कार्यालय भवन (H.Q.) निर्माण	१००००	१००००

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
३	राष्ट्रिय निकुञ्ज तथा व.ज.स.विभाग		
२९६११	वन्यजन्तु उद्दार/पुनस्थापना (Rescue) केन्द्र निर्माण	१००००	१००००
२९६११	विभागको योजना शाखाको सफ्टवेयर निर्माण	९००	९००
२२५२२	संरक्षित क्षेत्रमा बजेट बितरणका सूचक निर्धारण सम्बन्धी अध्ययन	१०००	१०००
२२५२९	संरक्षण दिवस	३००	३००
	जम्मा:	१२२००	१२२००
४	सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय		
२१११११	तलब	१५५९०	६८१९
२१११२	स्थानीय भत्ता	२२२२	११९५
२१११३	महंगी भत्ता	७९२	४९२
२११२२	खाद्यान्न	६७९३	३४९३
२२४१२	अन्य सेवा शुल्क	३७७०	१९७७
२२६१२	भ्रमण खर्च (आन्तरिक भ्रमण)	२२०	५०
	जम्मा:	२९३८७	१४०२६
	राष्ट्रिय निकुञ्ज आयोजना (३२९११५) **तर्फको फिर्ता हुने कुल रकम :**		३९५०१

तालिका ३ : वन्यजन्तु आरक्ष आयोजना **(रकम रु. हजारमा)**

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
१	राष्ट्रिय निकुञ्ज तथा व.ज.स.विभाग		
२२५२२	विद्युतीय पर्यटक प्रवेश शुल्क टिकट (E-Ticket) ब्यबस्थापन	४०००	४०००
२२५२२	वन्यजन्तु अपराध सम्बन्धी डाटाबेस तयार	१०००	१०००
	जम्मा:	५०००	५०००
२	ढोरपाटन शिकार आरक्ष कार्यालय		
२१११११	तलब	१५८८०	४०००
२१११२	स्थानीय भत्ता	२१७८	४००
२१११३	महंगी भत्ता	८२८	२६०

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
२११२२	खाद्यान्न	५०६२	९००
	जम्मा:	२३९४८	५५६०
आयोजना:	आरक्ष आयोजना (३२९११४) तर्फको कुल जम्मा:	२८९४८	१०५६०

तालिका ४ : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (रकम रु. हजारमा)

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
१	राष्ट्रिय निकुञ्ज तथा व.ज.स.विभाग		
२२५२२	वन्यजन्तुको प्रजाति स्थानान्तरण	१०००	१०००
२२५२२	महत्वपूर्ण वन्यजन्तु, वनस्पति तथा भू-दृश्यको फोटो संकलन	१०००	७००
२	भानुभक्त प्राणी उद्यान तनहुँ		
२९२२१	कार्यालय प्रयोजनका लागि भवन निर्माण	२४०००	२४०००
२९६११	सार्वजनिक निर्माण (फेन्सिंग लगायत अन्य आवश्यक निर्माण कार्य)	६०३५०	६०३५०
३	राष्ट्रिय प्राणी उद्यान, भक्तपुर		
२२५२२	प्राणी उद्यान सम्भाव्यता अध्ययन	४०००	४०००
	जम्मा:	**८८३५०**	**८८३५०**
	रा.नि.तथाव.ज.स.विभाग तर्फको कुल फिर्ता हुने रकम :		**८९३५०**

तालिका ५ : जडिबुटी विकास कार्यक्रम (रकम रु. हजारमा)

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
१	रारा राष्ट्रिय निकुञ्ज कार्यालय		

तालिका ६ : राष्ट्रिय पुनर्निर्माण प्राधिकरण कोष (रकम रु. हजारमा)

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
१	सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालय		
२९२२१	कार्यालय भवन निर्माण	२०७५०	२०७५०
२९२२१	सेक्टर कार्यालय भवन निर्माण	८३००	८३००
	जम्मा:	**२९०५०**	**२९०५०**

खर्च शीर्षक	क्रियाकलापहरु	विनियोजित बजेट	फिर्ता रकम
२	मकालु बरुण राष्ट्रिय निकुञ्ज कार्यालय		
२९२२१	हेडक्वाटर भवन निर्माण	१६६००	१६६००
२९२२१	सेक्टर कार्यालय भवन निर्माण	१६६००	१६६००
	जम्मा :	**३३२००**	**३३२००**
२	लामटाङ राष्ट्रिय निकुञ्ज कार्यालय		
२९२२१	कार्यालय भवन निर्माण	१६६००	१६६००
३	शिवपुरी-नागार्जुन राष्ट्रिय निकुञ्ज कार्यालय		
२९२२१	कार्यालय भवन निर्माण	१६६००	१६६००
२९२२१	सेक्टर कार्यालय भवन	८३००	८३००
२९२२१	पोष्ट भवन निर्माण	४१५०	४१५०
	जम्मा:	**२९०५०**	**२९०५०**
	रा.पुनर्निर्माण कोष तर्फको कुल फिर्ता हुने रकम :		**१०७९००**

२.१.४ आ.ब. २०७४।७५ को आयोजनागत बार्षिक बजेट तथा खर्चको स्थिति

तालिका ७ : आ.व. २०७४/७५ को आयोजनागत बार्षिक बजेट तथा खर्चको स्थिति (रकम रु.हजारमा)

क्र.सं.	आयोजनाको नाम	विनियोजित बार्षिक बजेट	फिर्ता (Surrender) वजेट	खुद बार्षिक बजेट	बार्षिक खर्च
१	राष्ट्रिय निकुञ्ज आयोजना	९८९५०२	३९५०१	९५०००१	७५५०३३
२	राष्ट्रपति चुरे-तराई मधेश सं. वि. स.	२७९१७		२७९१७	२५५१३
३	वन्यजन्तु संरक्षणका लागि क्षे.स.प्र.आयोजना	५१८४५		५१८४५	४३४६९
४	जडिबुटी विकास कार्यक्रम	१५८२	२४५	१३३७	१२१०
५	राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष	१३८६१०	१०७९००	३०७१०	२९४२९
६	कबुलियती तथा सामुदायिक वन वि. कार्यक्रम	६७५४		६७५४	५१४९
७	रा.नि.तथा व.ज.सं.विभाग	२८३९२४	८९३५०	१९४५७४	११५१५६
८	म. क्षे. व्यवस्थापन कार्यक्रम	३४८२००		३४८२००	३४०६४६

क्र.सं.	आयोजनाको नाम	विनियोजित बार्षिक बजेट	फिर्ता (Surrender) वजेट	खुद बार्षिक बजेट	बार्षिक खर्च
९	वन्यजन्तु आरक्ष आयोजना	२०७१७६	१०५६०	१९६६१६	१५५४२७
१०	हात्तीसार आयोजना	१५४०६७		१५४०६७	१२०४९५
	जम्मा:	२२०९५७७	२४७५५६	१९६२०२१	१५९१५२७

२.१.५ आयोजनागत भारित तथा वित्तिय प्रगति विवरण

आ.ब. २०७४।७५ मा भएको आयोजनागत भारित तथा वित्तिय प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

तालिका ८ : आयोजनागत भारित तथा वित्तिय प्रगति विवरण (रकम रु. हजारमा)

क्र.स.	बजेट उप शिर्षक नं.	आयोजना र कार्यक्रमको नाम	बार्षिक प्रगति स्थिति (५)	
			भारित	वित्तिय
१	३२९११५	राष्ट्रिय निकुञ्ज आयोजना (P1)	९०।३३	८१।६४
२	३२९१२४	राष्ट्रपति चुरे संरक्षण कार्यक्रम (P1)	९२।८४	९१।३९
३	३२९१२७	वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना (P1)	९०।१५	८३।८४
४	३२९१०२	जडिबुटी बिकास कार्यक्रम (P1)	९९।२७	८९।९०
५	३२९११४	वन्यजन्तु आरक्ष आयोजना (P2)	९९।४६	९०।५६
६	३२९८०८	सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम (P1)	७८।७०	७६।२४
७	३२९०१७	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (P1)	७५।४७	४८।०७
८	३२९०१७	मध्यवर्ती क्षेत्र व्य.कार्यक्रम (P1)	९९।१२	९७।९६
९	३२९०१९	हात्तिसार आयोजना (P2)	९४।२३	८१।७५
१०	३०१८०१	राष्ट्रिय पुन निर्माण प्रा.कोष (P1)	९७।८४	९५।८३
	औषतमा राष्ट्रिय निकुञ्ज विभागको प्रगति प्रतिसतः		९१।७४	८३।७२

२.१.६ आयोजनागत मुख्य मुख्य उपलब्धिहरु

आ.ब. २०७४।७५ मा आयोजनागत रुपमा भएका मुख्य मुख्य उपलब्धिहरु देहाय बमोजिम रहेका छन्:

तालिका ९ : राष्ट्रिय निकुञ्ज आयोजना (३२९११५)

आयोजना र कार्यक्रमको नाम	यस अबधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
राष्ट्रिय निकुञ्ज आयोजना	१८१ हेक्टर घाँसे मैदान तथा खर्क ब्यबस्थापन, १२१ कि.मि.वनपथ, गोरेटो बाटो निर्माण तथा ग्राभेलिंग, ४२७ कि.मि. वनपथ र पर्यटक पथ मर्मत, ३१ पटक वन्यजन्तु अपराध नियन्त्रण ब्युरो बैठक, ९५ पटक चोरी शिकार नियन्त्रण स्विप अप्रेशन. २ वटा वन्यजन्तु उद्वार तथा पुनर्स्थापना केन्द्र निर्माण, ६ क्षेत्रमा विद्युतीय तारवार तथा आर.सि.सि. वाल निर्माण, ९९ वटा भवन मर्मत का साथै २६ वटा नयाँ भवन र ६ वटा अधुरो भवन निर्माणका कार्यहरु सम्पन्न भएको ।

तालिका १० : राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति (३२९१२४)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
राष्ट्रपति चुरे -तराई मधेश संरक्षण विकास समिति कार्यक्रम	१८ वटा पानी मुहान र पानी पोखरी, सिमसार क्षेत्र निर्माण तथा मर्मत, २ वटा चुरे क्षेत्रमा वाच टावर (मचान) निर्माण, ५ कि.मि. अग्नि रेखा निर्माण र ८० कि.मि.मर्मत, १३ पटक डढेलो नियन्त्रण, ६६ जनालाई बायोग्याँस अनुदान र १ स्थानमा तटबन्धन निर्माण (खोला नियन्त्रण) को कार्य सम्पन्न भएको ।

तालिका ११ : वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना (३२९१२७)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना	१४३ हेक्टर घाँसे मैदान व्यवस्थापन, १५५ कि.मि. वनपथ मर्मत सूधार, ५ वटा काठेपुल निर्माण, ८ वटा वन्यजन्तुको खानेपानी पोखरी मर्मत सुधार, ७ पटक बाघ तथा बाघको आहारा प्रजातिको अनुगमन, ८ पटक सरोकारवालाहरुसंग बाघ संरक्षण सम्बन्धी अन्तरक्रिया कार्यक्रम, ५० पटक चोरी शिकारी नियन्त्रण स्विप अप्रेशन र ३ वटा पोष्ट भवन निर्माणको कार्य सम्पन्न ।

तालिका १२ : जडिबुटी विकास कार्यक्रम (३२९१०२)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
जडिबुटी बिकास कार्यक्रम	२ वटा बहुउद्देश्यीय जडिबुटीको नर्सरी संचालन, ७०० प्रति बहुउद्देश्यीय जडिबुटी संकलन तथा खेती बारे प्रचार प्रसार सामग्री उत्पादन तथा बितरण, १० जनालाई डालेचुक तथा गुराँसको जुस बनाउने तालिम, १ पटक दाँते ओखर तथा जैतुनको बेर्ना उत्पादन तथा वितरण गर्ने तालिम कार्य सम्पन्न भएको

तालिका १३ : वन्यजन्तु आरक्ष आयोजना (३२९११४)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
वन्यजन्तु आरक्ष आयोजना	१५५ हेक्टर घाँसे मैदान वयवस्थापन, २५ कि.मि. गोरेटो बाटो निर्माण, १०४ कि.मि.वनपथ र गोरेटो बाटो मर्मत, १ वटा वन्यजन्तु उद्धार केन्द्र निर्माण, २ क्षेत्रमा विद्युतीय तारवार तथा आर.सि.सि. वाल निर्माण, ४ वटा भवन निर्माण तथा २४ वटा भवन मर्मत, ९ पटक वन्यजन्तु अपराध नियन्त्रण ब्युरो बैठक, ३ वटा संरक्षित क्षेत्रमा वन डढेलो नियन्त्रण कार्यक्रम, ४ प्रजाति (रेड पाण्डा, सालक, चौका र अर्ना) को अनुगमन, २७ पटक चोरी शिकार नियन्त्रण स्विप अप्रेशनको काम सम्पन्न भएको ।

तालिका १४ : सामुदायिक तथा कवुलियती वन विकास कार्यक्रम (३२९८०८)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
सामुदायिक तथा कबुलियती वन विकास कार्यक्रम	७ समूहलाई कबुलियती वन व्यवस्थापन तालिम, १०० जनालाई जडिबुटी र गैह्रकाष्ठ वन पैदावार विरुवा खेती बिस्तार तथा व्यवस्थापन तालिम, ९ वटा समूहमा जीविकोपार्जन सुधार योजना (LIP) तयारी तालिम, २ वटा बहुउद्देशीय नर्सरी स्थापना तथा संचालन, १५ वटा सामुदायिक वनको बिधान तथा कार्ययोजना नविकरणको कार्य सम्पन्न भएको ।

तालिका १५ : राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (३२९०१७)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग (P1)	५०० मिटर फेन्सिङ, १ पटक होमस्टे व्यवस्थापन तालिम, १ पटक संरक्षण अधिकृतका लागि न्याय सेवा तालिम, १ पटक गेमस्काउटका लागि तह २ तालिम, २ पटक लैंगिक विषयक गोष्ठी सम्पन्न र १ वटा बहु-बर्षीय भवन निर्माणको कार्य जारी रहेको ।

तालिका १६ : मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम (३२९०१७)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम	७७६ घ.मि. तटवन्धन र चेकड्याम्प निर्माण, ५ कि.मि. काँडे तारवार निर्माण, २८ कि.मि. मेस जालीयुक्त तारवार निर्माण, ९ वटा नर्सरी स्थापना तथा व्यवस्थापन, २० कि.मि. पर्यटक मार्ग स्तरोन्नति, ३४ वटा बाघ तथा चितुवाबाट सुरक्षित बाख्राको खोर निर्माण तथा वितरण, ५० वटा गोवर ग्याँस निर्माण सहयोग, १६ वटा सामुदायिक भवन निर्माण तथा मर्मत, ४१ वटा गुम्वा निर्माण सहयोग, २० वटा विद्यालय मर्मत सहयोग, १५ जनालाई होटल व्यवस्थापन र नेचर गाईड तालिम, ४२ जनालाई मोबाईल, कम्प्युटर मर्मत तालिम, २६ जनालाई ड्राइभिङ तालिम, १२८ पटक संरक्षण सम्बन्धी दिवस समारोह, ५० पटक संरक्षण सम्बन्धी स्कूल शिक्षा कार्यक्रम लगायतका विविध कार्यक्रम सम्पन्न भएको ।

तालिका १७ : हात्तीसारहरु (३२९०१९)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
हात्तिसार आयोजना (P2)	६ वटा फोहोरमैला व्यवस्थापन खाडल निर्माण, ५ वटा खानेपानी निर्माण, १ वटा हात्तीको सेड घर निर्माण, १७ वटा साईन बोर्ड निर्माण, ३७ वटा हात्तीको हौदा, गद्दा मर्मत, १ वटा वच्चा हात्तीलाई तालिम, १३० जना हात्तीसारे कर्मचारीहरुलाई हात्ती व्यवस्थापन तालिमको कार्य सम्पन्न भएको ।

तालिका १८ : राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष (३०१८०१)

आयोजना र कार्यक्रमको नाम	यस अवधिमा हासिल भएका मुख्य मुख्य उपलब्धिहरु (Output)
राष्ट्रिय पुन निर्माण प्राधिकरण कोष (P1)	१ वटा पोष्ट भवन निर्माण तथा ८ वटा मर्मत, ६ स्थानमा साँस्कृतिक सम्पदा संरक्षण, ५ वटा प्याकेजका पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम, ७ क्षेत्रमा सामुदायिक सहभागितात्मक कार्यक्रम र मध्यवर्ती क्षेत्रमा जीविकोपार्जन सहायोगका ५ वटा प्याकेजका कार्यक्रम सम्पन्न भएको ।

२.१.६ आ.व. २०७३।७४ र २०७४।७५ को भारित तथा वित्तीय प्रगतिको तुलनात्मक विवरण

तालिका १९ : आ.व. २०७३/७४ र २०७४/७५ को भारित तथा वित्तीय प्रगतिको तुलनात्मक विवरण (रकम रु. हजारमा)

क्र.सं.	आयोजनाको नाम	गत आ.व. संगको तुलनात्मक प्रगति (प्रतिशत)			
		आ.व. २०७३।७४ को		आ.व. २०७४।७५ को	
		भारित प्रगति	वित्तिय प्रगति	भारित प्रगति	वित्तिय प्रगति
१	राष्ट्रिय निकुञ्ज आयोजना	९३.०१	८७.८६	९०.३३	८१.६४
२	राष्ट्रपति चुरे (तराई मधेश संरक्षण विकास समिति)	९५.९८	८९.९०	९२.८४	९१.३९
३	वन्यजन्तु संरक्षणका लागि क्षे.स.प्र.आयोजना	९४.४९	८९.१७	९०.१५	८३.८४
४	जडिबुटी विकास कार्यक्रम	८७.०७	८७.०७	९९.२७	८९.९०
५	राष्ट्रिय पुननिर्माण प्राधिकरण कोष	९५.५९	८९.४८	९७.८४	९५.८३
६	कबुलियती तथा सामुदायिक वन विकास कार्यक्रम	९७.०१	९५.१८	७८.७०	७६.२४
७	रा.नि.तथा व.ज.सं.विभाग	८८.२९	७६.२५	७५.४७	४८.०७
८	मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यक्रम	९८.५०	९८.५५	९९.१२	९७.९६
९	वन्यजन्तु आरक्ष आयोजना	८५.४७	८३.८०	९९.४६	९०.५६
१०	हात्तीसार आयोजना	९७.४८	९४.१५	९४.२३	८१.७५
	जम्मा:	९३.२९	८९.१४	९१.७४	८३.७२

२.३ विभाग र अन्तर्गत कार्यालयहरुको वार्षिक वेरुजु फछ्र्यौटको विवरण

यस विभाग तथा मातहत कार्यालयहरुको आ.व. २०७४/७५ सम्ममा १४ करोड ७ लाख ९९ हजार वेरुजु रहेकोमा २०७५ असार मसान्तसम्म ७ करोड १५ लाख ७८ हजार (५०.८४ प्रतिशत) वेरुजु फछ्र्यौट भएको छ। निकायगत रुपमा वेरुजु फछ्र्यौटको वार्षिक विवरण तालिका १४ मा प्रस्तुत गरिएको छ।

तालिका २० : विभाग र अन्तर्गत कार्यालयहरुको वार्षिक वेरुजु फछ्र्यौटको विवरण

बजेट रु. हजारमा

सि.नं.	कार्यालयको नाम	२०७४/७५ सम्मको कायमी बेरुजु	२०७४/७५ मा फछ्र्यौट बेरुजु रकम	फछ्र्यौट प्रतिशत	बाँकी रकम
१	राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभाग	४३३६	९९६	२२.९७	३३४०
२	मकालु वरुण राष्ट्रिय निकुञ्ज	५३७	२५३	४७.११	२८४
३	सगरमाथा राष्ट्रिय निकुञ्ज	१२६५६	७४८५	५९.१४	५१७१
४	चितवन राष्ट्रिय निकुञ्ज	४०३३३	२०४९२	५०.८१	१९८४१
५	शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज	३०९२	५३६	१७.३४	२५५६
६	लामटाङ राष्ट्रिय निकुञ्ज	१९८०६	५८२९	२९.४३	१३९७७
७	बाँके राष्ट्रिय निकुञ्ज	३९६३	२४६४	६२.१८	१४९९
८	बर्दिया राष्ट्रिय निकुञ्ज	२०६६७	१५२३५	७३.७२	५४३२
९	शे-फोक्सुण्डो राष्ट्रिय निकुञ्ज	३०५७	७०१	२२.९३	२३५६
१०	रारा राष्ट्रिय निकुञ्ज	२४७५	१०१५	४१.०१	१४६०
११	खप्तड राष्ट्रिय निकुञ्ज	१४४९	११४०	७८.६७	३०९
१२	कोशी टप्पु वन्यजन्तु आरक्ष	१६४६	५४३	३२.९९	११०३
१३	पर्सा राष्ट्रिय निकुञ्ज	६३०३	३१९८	५०.७४	३१०५
१४	शुक्लाफांटा राष्ट्रिय निकुञ्ज	१२२६	६९०	५६.२८	५३६
१५	ढोरपाटन शिकार आरक्ष	६१५	४३०	६९.९२	१८५
१७	अपिनाम्पा संरक्षण क्षेत्र	४१४९	२१३७	५१.५१	२०१२
१८	राष्ट्रिय प्रकृति संरक्षण कोष	१४४८९	८४३४	५८.२१	६०५५
	जम्मा	१४०७९९	७१५७८	५०.८४	६९२२१

२.४ संरक्षित क्षेत्रमा पर्यटक

संरक्षित क्षेत्रहरु आन्तरिक तथा वाह्य पर्यटकहरुको लागि प्रमुख गन्तव्य स्थानको रुपमा रहेका छन् । आ.व. २०६९/७० मा संरक्षित क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरुको संख्या ५ लाख १० हजार २ सय ५ रहेकोमा आ.व. २०७४/७५ मा स्वदेशी एवं विदेशी गरी जम्मा ६ लाख ९९ हजार ५५२ पुगेको छ । आ.व. २०७४/७५ मा संरक्षित क्षेत्रहरुमा मासिक भ्रमण गर्ने पर्यटकको विवरण अनुसूची ५ मा दिइएको छ । नेपालका संरक्षित क्षेत्रहरुमा आ.व. २०६९/७० देखि आ.व. २०७४/७५ सम्मको पर्यटक आगमनको तुलनात्मक विवरण अनुसूची ६ मा दिइएको छ ।

चित्र ३ : पर्यटक संख्याको तुलनात्मक विवरण



२.५ विभाग र अन्तर्गतका कार्यालयहरुको वार्षिक राजश्व संकलनको विवरण

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग तथा मातहतमा रहेका संरक्षित क्षेत्रहरुले आर्थिक वर्ष २०७४/७५ मा ६४ करोड ६८ लाख ७० हजार २ सय ११ रुपैयाँ र ८८ पैसा राजश्व संकलन गरेको विभागको रेकर्डबाट देखिन्छ । आ.व. २०७४/७५ मा राजश्व संकलन गर्ने निकायगत विवरण अनुसूची १ र विभिन्न शिर्षकहरुबाट प्राप्त भएको राजश्वको वार्षिक केन्द्रीय आर्थिक विवरण अनुसूची २ मा दिइएको छ । त्यस्तै गरी आ.व. २०६८/६९ देखि आ.व. २०७४/७५ सम्मको कार्यालयगत राजश्व संकलन विवरण अनुसूची ३ मा दिइएको छ ।

२.६ सार्वजनिक सेवा प्रवाह र सूचनाको हक सम्बन्धी व्यवस्था

विभाग र मातहतका कार्यालयहरुबाट प्रदान गरिने सार्वजनिक सेवालाई सेवाग्राही मुखी र प्रभावकारी बनाउनका लागि विभाग र मातहतका सबै कार्यालयहरुमा नागरिक बडापत्र राखिएको छ। यसबाट सेवाग्राहीले छिटो छरितो रुपमा सेवा प्राप्त गर्न सहज भएको छ। सेवा प्राप्त गर्नका लागि लाग्ने समय, सेवाको परिणाम, गुणस्तर, सेवा प्राप्त गर्न लाग्ने दस्तूर, सेवा प्राप्तिका लागि पेश गर्नुपर्ने कागजात र सेवा प्रवाह गर्ने शाखा तथा गुनासो सुन्ने अधिकारी समेतको व्यवस्था गरिएको विभागको नागरिक बडापत्र अनुसूची २५ मा राखिएको छ।

नागरिकको सूचना पाउने हकको सम्मान र संरक्षण गर्दै विकासका कार्य एवं गतिविधिहरुलाई बढी पारदर्शी र जवाफदेही बनाउनका लागि विभागका गतिविधिहरु समावेश गरी ४-४ महिनामा संरक्षण समाचार प्रकाशन गरिंदै आएको छ। नागरिकलाई यस विभागका सूचनामा सहज पहुँच पुऱ्याउनका लागि विभागमा सूचना अधिकारीको व्यवस्था गरिएको छ।

विभागका गतिविधिहरुलाई विभागको वेबसाइट www.dnpwc.gov.np बाट पनि पाउन सकिने व्यवस्था मिलाइएको छ। यसबाट विभागका गतिविधिहरुलाई नागरिकसम्म सहज रुपमा पुऱ्याई नागरिकको सूचनाको हकको संरक्षणमा सहयोग पुगेको छ।

२.७ आयोजना/परियोजनाहरु

संरक्षित क्षेत्रमा संरक्षण साझेदारहरुबाट सञ्चालित आयोजनाहरु निम्न अनुसार छन् :

क. तराई भू-परिधि कार्यक्रम

ख. पवित्र हिमालय भू-परिधि कार्यक्रम

ग. कैलाश पवित्र भू-परिधि संरक्षण तथा विकास कार्यक्रम

घ. वन्यजन्तु संरक्षणका लागि क्षेत्रीय सहयोग प्रवर्द्धन आयोजना

ङ. कञ्चनजङ्घा भू-परिधि संरक्षण तथा विकास कार्यक्रम

च. हरियो वन कार्यक्रम

छ. एकीकृत बाघ वासस्थान संरक्षण कार्यक्रम

भाग–तीन

आर्थिक वर्ष २०७४/७५ मा सम्पन्न भएका केही क्रियाकलापहरु तथा गतिविधिहरु

३.१ प्रजाति संरक्षण कार्ययोजना प्रकाशन ३५

३.२ वन्यजन्तु गणना सम्बन्धी ३६

३.३ भिजिटर ट्र्याकिङ सिस्टम व्यवस्थापन (Visitor Tracking System Management) ३७

३.४ सोलार पानी पम्प मार्फत पानी पोखरी तथा सिंचाई व्यवस्थापन ४०

३.५ दिवस समारोह ४०

३.६ ३४ औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठक ४७

३.७ नेपालमा गिद्ध संरक्षण तथा प्रजनन केन्द्रमा हुर्काइएका गिद्धको प्राकृतिक बासस्थानमा पूनःस्थापना ५०

३.८ संरक्षित क्षेत्रमा अध्ययन अनुसन्धान ५३

३.९ मानव वन्यजन्तु द्वन्द्व ५३

३.१० संरक्षित क्षेत्रमा छायाङ्कन भएका डकुमेन्ट्री र फिल्महरु ५३

३.११ शिकार गरिएका वन्यजन्तु र राजश्व सम्बन्धी विवरण ५३

३.१२ संरक्षित क्षेत्रमा वन्यजन्तुको मृत्यु ५४

३.१३ संरक्षित क्षेत्रमा भौतिक पूर्वाधार निर्माण ५४

३.१४ SAWEN को तेश्रो वार्षिक बैठक ५४

३.१५ मुद्दाको विवरण ५५

३.१६ CITES को प्रावधान अनुसार नेपाल सरकारले एउटा काठे भालु (Sloth Bear) भारत सरकारलाई फिर्ता ५५

३.१७ चितवनबाट बाढीले बगाएर भारत पुगेका गैडाको उद्धारः ५७

३.१८ बाढीबाट भएको क्षतिको प्रारम्भिक विवरण ५७

३.१९ हालको बाढीबाट वन्यजन्तुमा भएको क्षति ५९

३.१ प्रजाति संरक्षण कार्ययोजना प्रकाशन

३.१.१ गैंडा संरक्षण कार्ययोजना

चित्र ४ : गैंडा संरक्षण कार्ययोजना



एक सिंगे गैंडा ठुलो स्तनधारीको मध्ये नेपालमा प्राथमिकतामा परेको जनावर हो । विश्वमा पाइने पाँच प्रजाति गैंडा मध्ये तिन प्रजातिहरु एसियामा पाइन्छ र बाँकी दुई प्रजातिहरु अफ्रिकामा पाइन्छ । एसियामा पाइने तीन प्रजाति मध्ये नेपालमा एक सिङ्गे गैंडा मात्र पाइन्छ । हाल नेपालमा जम्मा ६४५ गैंडाको संख्या रहेको देखिन्छ जस मध्ये ६०५ चितवन राष्ट्रिय निकुन्ज क्षेत्रमा, २९ बर्दिया राष्ट्रिय निकुन्ज क्षेत्रमा, ८ शुक्लाफाँटा राष्ट्रिय निकुन्ज क्षेत्रमा र ३ पर्सा राष्ट्रिय निकुञ्ज क्षेत्रमा रहेका छन् ।

नेपालका लागि गैंडा संरक्षण कार्य योजना २०१७ - २०२१ स्वीकृत भइ प्रकाशन भएको छ । वासस्थान सुधार एवं स्थानान्तरण, चोरी शिकारी नियन्त्रण, मानव गैंडा द्वन्द न्यूनिकरणमा स्थानीय समुदायसंग सहकार्य, राष्ट्रिय तथा अन्तरास्ट्रिय जगतमा गैंडा संरक्षण कार्यमा सहकार्य र सहभागिता र यिनको वासस्थान को नियमित अनुसंधान, अनुगमन, संरक्षण र सर्वेक्षण गर्नुका साथै गैंडाको संख्या लाई व्यवस्थापन गर्नु प्रमुख उद्देश्यहरु हुन् ।

३.१.२ सालक संरक्षण कार्ययोजना

चित्र ५ : सालक संरक्षण कार्ययोजना



पङ्गोलिन नेपाल मा 'सालक' को रूपमा चिनिन्छ । नेपालमा सालकका दुई प्रजातिहरू पाइन्छन् । तिनीहरू भारतीय सालक र चिनियाँ सालक हुन् । चिनियाँ सालक IUCN को रातो सूचीमा Critically endanger र भारतीय सालक Endanger सूचीबद्ध गरिएको छ । चिनियाँ सालक र भारतीय सालक दुवै राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु ऐन, २०२९ अन्तर्गत सुरक्षित रहेको छ । दुवै प्रजातिहरूको राष्ट्रिय संरक्षण स्थिति खतरनाकको रूपमा मूल्याङ्कन गरिएकोछ । तथापि, नेपालका पङ्गोलिनहरूमा धेरै कम अध्ययनहरू भएको पाइन्छ ।

पहिलो राष्ट्रिय सर्वेक्षण, २०१६ मा नेपालका २५ जिल्लाहरूमा चिनियाँ सालक र ७ जिल्लाहरूमा भारतीय पंगोलिन उपस्थितिको पुष्टि गरेको छ ।

सालक खपटा, छाला र मासुको लागि चोरी शिकारी हुने र बासस्थानको हैसियत घट्दै जाने, संरक्षणको लागि कम प्राथमिकता, प्रजातिको बारेमा काम जानकारी नै यस प्रजातिको प्रमुख चुनौती रहेको देखिन्छ । साथै यस प्रजातिको बारेमा जानकारी बढाउने, चोरीशिकार नियन्त्रण गर्ने, सुहाउँदो बासस्थानको पहिचान गरी व्यवस्थापन गर्ने र सालक संरक्षणको लागि स्थानीयलाई प्रोत्साहन गर्ने प्रमुख उद्देश्य रहेको नेपालका सालक संरक्षण कार्य योजना, २०१८–२०२२ लाई शुरु गरिएको छ ।

३.१.३ घडियाल संरक्षण कार्ययोजना

चित्र ६ : घडियाल संरक्षण कार्ययोजना



घडियाल घस्रने जातको प्रजाति हो र नेपालमा स्वस्थ पानी र स्वच्छ वातावरणको संकेतको रूपमा पनि चिनिन्छ। घडियाल IUCN को रातो सूचीमा Critically endanger को रुपमा सूचीबद्ध गरिएको छ र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ अन्तर्गत सुरक्षितमा रहेको छ। नेपालमा घडियाल प्रजनन् केन्द्र सन् १९७८ बाट चितवन राष्ट्रिय निकुञ्जमा सुरु गरिएकोमा अहिले सफल तरिकाले संचालन भैरहेको र संख्यामा बृद्दि भएको छ। अहिले नेपालमा जम्मा १९८ संख्यामा घडियाल रहेको छ। ती मध्ये ८४ नारायणी नदीमा, ८२ राप्ती नदीमा, ३१ बबई नदीमा र १ कर्णाली नदीमा रहेका छन्। ढुंगा बालुवा उत्खनन, बाढी, वातावरण प्रदुषण र ड्यामहरु प्रमुख चुनौती रहेका छन्।

नेपालका घडियाल प्रजातिको संरक्षणको लागि दीर्घकालीन स्थायी कार्यहरू सुनिश्चित गर्नको लागि आहारा प्रजाति र बासस्थानको संरक्षण, स्वस्थानीय संरक्षण र परस्थानीय संरक्षण गर्ने मुख्य उद्देश्य रहेको घडियाल संरक्षण कार्य योजना २०१८-२०२२ लाई शुरु गरिएको छ। यस पञ्च बर्षीय कार्ययोजनाको लक्ष्य प्राप्ति गर्न लगभग रु.१४ करोड रकम आवश्यक पर्ने अनुमान गरिएको छ।

३.२ वन्यजन्तु गणना सम्बन्धी

३.२.१ अर्ना गणना, २०७४

चित्र ७ : कोशीटप्पुमा अर्ना गणनाको उद्घाटन

विश्वमा नै दुर्लभ मानिने अर्ना नेपालको कोशीटप्पु वन्यजन्तु आरक्षमा मात्र पाइन्छ। यस आरक्षको स्थापना नै अर्नाको संरक्षण गर्नु रहेको थियो र अर्नाको संख्या र अवस्था अद्यावधिक गरी यसको दिगो संरक्षणका लागि रणनीति तयार गर्ने उद्देश्यका साथ आरक्ष स्थापना कालदेखि नै अर्नाको गणना गरिदै आएको छ। शुरुको गणना बमोजिम अर्नाको संख्या ६३ रहेको थियो भने मिति २०७४, चैत्र २८-३० गतेसम्म गरिएको गणनाबाट अर्नाको संख्या वृद्धि भई ४४१ पुगेको छ। जसमध्ये १ वर्षको बच्चा ३८, २ वर्ष उमेरको ४०, अर्धवयस्क ३५, वयस्क पोथी १९१ र वयस्क भाले १३७ रहेको छ। यी मध्ये ८३ प्रतिशत अर्ना कोशी नदीको पूर्वी तर्फ र १७ प्रतिशत अर्ना कोशी नदीको पश्चिम तर्फ पाइएको छ। वि.सं. २०३२ र २०७४ को गणनाको आधारमा वार्षिक वृद्धि दर ८.१ प्रतिशत रहेको छ। सो गणना कार्य मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, मध्यवर्ती क्षेत्र उपभोक्ता समितिहरु, मध्यवर्ती क्षेत्र सामुदायिक वन उपभोक्ता समितिहरु, स्थानीय संरक्षण प्रेमी, राष्ट्रिय प्रकृति संरक्षण कोष र आरक्ष सुरक्षार्थ तैनाथ शत्रुभञ्जन गुल्मको सहयोग एवं सक्रिय सहभागितामा यो गणना सम्पन्न गरिएको थियो।

३.२.२ सगरमाथा राष्ट्रिय निकुञ्जमा कस्तुरी मृग गणना कार्य (Musk Deer Count)

सगरमाथा राष्ट्रिय निकुञ्ज कार्यालयको आ.व.२०७४/०७५ मा सम्मन्न गर्नुपर्ने राष्ट्रिय निकुञ्ज आयोजना तर्फको कस्तुरी मृग गणना कार्य सम्पन्न भएको छ। मिति २०७५/०२/२५ गतेबाट शुरुवात भएको गणना कार्य १५ दिनसम्म गरिएको थियो। कस्तुरी मृग गणना कार्य सेवा प्रदायक श्री एसियन सेन्टर फर डेभेलोपमेन्ट प्रा.लि. बुढानिलकण्ड, काठमाण्डौंको प्राविधिक सहयोगबाट भएको थियो। गणना कार्य विषेशज्ञ डा.मुकेश चालिसे ज्यूको नेतृत्वमा भएको थियो सो कार्यमा निकुञ्जमा कर्मचारीहरु सक्रियपूर्वक लागि खटिएका थिए। विशेष गरी निकुञ्ज क्षेत्रको नाम्चे, फुर्ते, ठमो, पारे, क्याङजुमा, फोर्चेठाँगा, डोले, देबुचे कालो ओडार लगायतका क्षेत्रमा गणना कार्य गरिएको थियो। गणना कार्यमा Transect walk, scan sampling, ad libitum sampling र indirect evidences हरु जस्तै hoofmarks, fecal matters, carcass, bones, bedding sites अवलोकन तथा बिश्लेषण आदि विधिको प्रयोग गरिएको थियो। गणना कार्य अवधिमा ५२ वटा कस्तुरी मृग प्रत्यक्ष रुपमा देखिएको त्यस्तै गरी २६६ वटा ताजा कस्तुरीको पेलेट पाइएको थियो। गणना कार्य पछि प्राप्त प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा संकलन गरिएको विवरणहरुका अध्ययनबाट यस निकुञ्ज तथा अर्न्तगतको मध्यवर्ती क्षेत्र भित्र १८५ (एक सय पचासी) वटा भन्दा बढी संख्यामा कस्तुरी मृग रहेको अध्ययनबाट पाइएको छ।

चित्र ८ : कस्तुरी मृग गणना सम्बन्धी स्थलगत तथ्याङ्क संकलन कार्य

३.३ भिजिटर ट्र्याकिङ सिस्टम व्यवस्थापन (Visitor Tracking System Management)

सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा भ्रमण गर्ने पर्यटकको संख्यामा बर्षेनी वृद्धि भइरहेको र यस क्षेत्रमा भ्रमण गर्ने कतिपय पर्यटकहरु गाइड विना नै आउने हुनाले पर्याप्त रुपमा पदमार्ग पहिचान गर्न नसक्नु, मौसमको प्रतिकुलता, भौगोलिक बिकटता आदि कारणहरुले गर्दा पर्यटकहरु बर्षेनी हराउने र मृत्यु समेत हुने गरेको छ। साथै खोजी कार्यमा असहजता भई केही पर्यटकहरु बेपत्ता समेत भएका छन् भने अर्को तर्फ पर्यटकहरुको व्यक्तिगत विवरण तथा आवत जावतको विवरण अभिलेखमा राखी उनीहरुको निगरानी बढाई वन्यजन्तु तथा वन पैदावार तर्फ हुन सक्ने अवैध गतिविधिहरुलाई न्युनिकरण गर्नुपर्ने अवस्था रहेको छ। भिजिटर ट्र्याकिङ सिस्टमको माध्यमबाट पर्यटकहरुको बिस्तृत बिवरण सहित उनीहरु प्रवेश गरेको पदमार्ग तथा भएको स्थान समेत अभिलेख हुने र उनीहरु हराएको स्थान सहज रुपमा पहिचान गरी खोजी कार्यमा सहजता ल्याई उद्धार कार्यलाई सिघ्रता ल्याउन सकिन्छ। आजको विज्ञान तथा प्रविधिको युगमा पनि प्रविधिको उपयोग नै नगरी निकुञ्जका कर्मचारीहरु तथा सुरक्षाकर्मीबाट मात्रै पर्यटकहरुको व्यक्तिगत विवरण राख्ने, निकुञ्ज प्रवेश टिकट काट्ने जस्ता कार्यले धेरै समय खर्च हुने, एउटै कार्यको लागि धेरै कर्मचारीहरु खटिनु पर्ने, पर्यटकहरुले पनि झन्झटिलो माध्यमको रुपमा लिने गरेको पाइएकोले समयको माग अनुरुप निकुञ्ज अर्न्तगतको प्रचलित मार्गहरुमा छिटो तथा सहज रुपमा भिजिटर ट्र्याकिङ सिस्टमको स्थापना तथा संचालन गरी पर्या पर्यटन प्रर्बधन तथा जैविक विविधता संरक्षणमा उल्लेखनीय योगदान गर्न सकिने देखिन्छ।

यस कार्यक्रमको प्रमुख उद्देश्य प्रत्येक पर्यटकहरुको व्यक्तिगत विवरण कम्प्युटरको माध्यमबाट सफ्टवेयरमा सुरक्षित राखी उनीहरुले निकुञ्ज क्षेत्रमा भ्रमण गरेका स्थानहरु र समयलाई अभिलेख राखी हुन सक्ने र भएका दुर्घटना र अवैध गतिविधिलाई यथासिघ्र पहिचान गरी उद्धार लगायत आवश्यक कार्य अघि बढाउन सकिने हुदाँ यसबाट पर्यटकहरुलाई सहज तथा सुविधा प्रदान गरी पर्या पर्यटनमा तथा जैविक विविधता संरक्षणमा टेवा पुऱ्याउनु रहेको छ । अन्य उद्धेश्यहरु निम्नानुसार रहेका छन् ।

- यस क्षेत्रमा पर्यटकहरुको दुर्घटना तथा अन्य घटनाहरुलाई यथासिघ्र रुपमा पहिचान गरी उद्धार लगायत आवश्यक प्रक्रियामा सहजता ल्याउनु ।
- पर्यटन क्षेत्रलाई प्रविधि मैत्री बनाई पर्यटकको संख्यामा बृद्धि गर्नु ।
- यस क्षेत्रमा भ्रमण गर्ने पर्यटकहरुको अभिलेख अध्यावधिक गर्ने ।
- राष्ट्रिय निकुञ्ज क्षेत्रमा हुन सक्ने अवैध गतिविधिहरुलाई न्युनिकरण गर्नु ।
- सूचना तथा संचार प्रविधि मैत्री भई राष्ट्रिय निकुञ्जका कार्यहरुको प्रभावकारितामा अभिबृद्धि गर्नु ।

सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्रमा भ्रमण गर्ने प्रत्येक पर्यटकहरुको व्यक्तिगत विवरण सफ्टवेएरमा राखी उनीहरुले निकुञ्ज क्षेत्रमा भ्रमण गरेका स्थानहरु र समयलाई अभिलेख राखी हुन सक्ने र भएका दुर्घटना र अवैध गतिविधिलाई यथासिघ्र पहिचान गरी उद्धार लगायत आवश्यक कार्यहरुलाई सहज रुपमा अघि बढाउन त्यस्तै पर्या पर्यटनमा टेवा पुऱ्याउने उद्धेश्यले यो क्रियाकलापको व्यवस्था गरिएको हो । निकुञ्जको मुख्य प्रवेशद्धारमा प्रत्येक पर्यटकहरुको फोटो सहितको व्यक्तिगत बिवरण कम्प्युटरको माध्यमबाट सफ्टवेएरमा अभिलेख राखिनेछ । यसरी अभिलेख राख्ने कार्य पर्यटकले आफै इन्टरनेटको माध्यमबाट अपलोड गर्न सक्ने वा कार्ड रिडर मेसिनको माध्यमबाट रेकर्ड अपलोड गरिनेछ वा कर्मचारीद्वारा कम्प्यूटर र इन्टरनेटको सहायताले डाटा सिस्टममा अपलोड गरिनेछ र पर्यटकलाई बार कोड भएको बेकन कार्ड उपलब्ध गराइनेछ । पदमार्गको प्रमुख स्थानहरुमा कार्ड रिडर मेसिन राखिनेछ र पर्यटक सो क्षेत्रको नजिक पुगेपछि स्वचालित रुपमा स्क्रीनमा पर्यटकको फोटो सहितको बिवरण देखिनेछ र कर्मचारीले स्क्रीनमा देखिने In option मा OK गरेपछि सो पर्यटक त्यस क्षेत्रबाट अघि गएको रेकर्ड सिस्टममा रहनेछ भने कर्मचारी निरन्तर बस्न नसक्ने क्षेत्रमा बेकन कार्ड लिएर जाने पर्यटक नजिकै

चित्र ९ : प्रवेश काउन्टरमा संकलन गरिने पर्यटक विवरण



पुगेमा अटोमेटिक कार्ड रिडरले सो कार्डको डाटा रेकर्ड गरी सिस्टममा सुरक्षित राख्ने कार्य हुन्छ । यदि बेकन कार्ड बोकेको पर्यटक हरायो भने कार्ड रिडर मेसिन सो क्षेत्रमा लगियो भने करिब १५०-२०० मिटर सम्म बरपर पुगेमा कार्ड रिडरको माध्यमले सहज रुपमा पत्ता लगाउन सकिनेछ । त्यस्तै संकलन भएका तथ्याङ्क एकमुष्ठ रुपमा master computer मा चाहेको बेलामा सहज रुपमा हेर्न सकिनेछ ।

चित्र १० : चेकपोष्टको डिस्प्लेमा देखिने पर्यटक विवरण



यो कार्यको लागि कम्प्युटर, निरन्तर विद्युतको स्रोत/सोलार/इन्भटर, ईन्टरनेट सेवा दिने उपकरण, कार्ड रिडर, पासपोर्ट स्क्यानर, डिजिटल क्यामेरा, डिस्प्ले, व्यक्तिगत विवरण रहने बेकन कार्ड, कार्डको विवरण स्टोर गर्ने यन्त्र तथा सफ्टवेयर आदि आवश्यक पर्नेछ ।

चित्र ११ : Visitor tracking System को अवधारणा



यो कार्य हाल सगरमाथा राष्ट्रिय निकुञ्ज क्षेत्र अर्न्तगतको मन्जो चेकपोष्ट तथा पर्यटक प्रवेश टिकट काउन्टर, नाम्चे क्षेत्रको मिस्लुङ, थामे आर्मी पोष्ट, डोले पोष्ट, फुङिठागां आर्मी पोष्ट, देबुचे पोष्ट गरी ६ ठाउँमा जडान गरिएको छ। आगामी दिनमा प्रचलित पदमार्गहरुको अन्य महत्वपूर्ण स्थानहरु गोकियो ताल क्षेत्र, ईम्जा ताल क्षेत्र, सगरमाथाको आधार शिविर, कालापत्थरसम्म जाने विभिन्न स्थानहरु, चेकपोष्टहरु र बिगत समयमा पर्यटकहरु बेपत्ता भएका प्रमुख पदमार्गहरुमा स्थापना गरिने लक्ष्य रहेको छ।

चित्र १२ : Passport Scanner

यस कार्यक्रम संचालन पश्चात प्रत्येक पर्यटकहरुको व्यक्तिगत विवरण इन्टरनेटको माध्यमबाट सफ्टवेएरमा राखी उनीहरु भएको अवस्थिति तथा निकुञ्ज क्षेत्रमा गरेका आवत जावतको विवरण अभिलेख राखी हुन सक्ने र भएका दुर्घटना र अवैध गतिविधिलाई यथासिघ्र पहिचान गरि उद्धार लगायत आवश्यक कार्य सहज रुपमा गर्न सकिने हुदाँ यसबाट पर्यटकहरुलाई सहज तथा सुबिधा प्रदान हुने र पर्या पर्यटन प्रवर्द्धन तथा जैविक विविधता संरक्षणमा टेवा पुगेको हुने छ। साथै सूचना तथा संचार प्रविधि मैत्री भई राष्ट्रिय निकुञ्जका कार्यहरुमा प्रभावकारितामा अभिवृद्धि भएको हुनेछ।

३.४ सोलार पानी पम्प मार्फत पानी पोखरी तथा सिंचाई व्यवस्थापन

कृष्णसारको लागि खानेपानीको नियमित व्यवस्थाका लागि कृष्णसार वासस्थान क्षेत्रको करिब बीच हुने स्थानमा पुरानो मचान नजिक सोलार पानी तान्ने पम्प मार्फत बोरिंगबाट पानी निकाली पोखरीमा नियमित पानी जम्मा हुने व्यवस्था मिलाइएको छ। जसबाट पोखरीमा जम्मा भएको पानी कृष्णसारले प्रयोग गर्दै आएका छन् भने त्यस वरिपरिको केही क्षेत्रमा सिंचाई समेत भई कृष्णसारको आहारा व्यवस्थापनमा केही हदसम्म टेवा पुगेको छ।

चित्र १३ : सोलार पानी पम्प

३.५ दिवस समारोह

३.५.१ विश्व बाघ दिवस, २०७४

तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाको प्रमुख आतिथ्यमा "स्वस्थ पर्यावरणको लागि बाघको संरक्षण" भन्ने मूल नाराका साथ विश्व बाघ दिवस २९ जुलाई २०१७ तदनुसार १४ साउन २०७४ गते बाघको संरक्षणमा व्यापक जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले केन्द्रीय स्तरमा राष्ट्रिय प्रकृति संरक्षण

कोष, खुमलटारको सभाहलमा नेपालमा बाघको संरक्षण विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम गरी मनाइयो । कार्यक्रमका प्रमुख अतिथि, तत्कालीन वन तथा भू-संरक्षण मन्त्रालयका सचिव श्री प्रकाश माथेमाले वन परिसर बबरमहलमा राखिएको बाघको महत्व देखिने होर्डिङ्ग बोर्डको अनावरण गर्नुभएको थियो । नेपालमा बाघको संरक्षण सम्बन्धी विषयमा तत्कालीन वन तथा भू संरक्षण मन्त्रालय, जैविक विविधता तथा वातावरण महाशाखा प्रमुख, सहसचिव (प्रा.) डा. महेश्वर ढकालले प्रस्तुती गर्नुभयो । प्रस्तुतीकरण पश्चात वन विभागका महानिर्देशक श्री कृष्ण प्रसाद आचार्य, त्रिभुवन विश्वविद्यालयका प्रा.डा. रमेश श्रेष्ठ, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक श्री श्याम बजिमय र शुक्लाफाँटा रा.नि. मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री पुष्कर सिंहबाट बाघको इकोलोजी तथा बासस्थापन, अवैध चोरी शिकार तथा व्यापार नियन्त्रण, संरक्षणका नीतिहरु, संरक्षणमा स्थानीय समुदायको सहभागिता, मानव-बाघ द्वन्द न्युनिकरण, बाघ संरक्षणमा अबको बाटो लगायतका विषयहरुमा छलफल तथा अन्तरक्रिया भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि सचिव श्री प्रकाश माथेमाले बाघ पारिस्थिकीय प्रणालीको उच्च तहमा रहेको प्रजाति भएकोले बाघको संरक्षण गरिएमा बाघ पाइने क्षेत्रमा समग्र वन, वनस्पति र अन्य वन्यजन्तु समेत संरक्षण हुने बताउनु भयो । वन नीति, २०७१, जैविक विविधता रणनीति तथा कार्ययोजना, २०१४, बाघ संरक्षण कार्य योजना, २०१६ अनुसार कार्यक्रम सम्पन्न गर्न सबै सम्वद्ध पक्षहरुले सहकार्य गर्नुपर्नेमा जोड दिनु भयो । बाघको संख्या बृद्धि सँगै मानव-बाघ द्वन्दका घटनाहरु बढ्दै गएको सन्दर्भमा द्वन्द नै नहुने स्थिति सिर्जना गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

नेपाल सरकारका पूर्व सचिव डा. स्वयम्भुमान अमात्य, संरक्षण साझेदार संस्थाहरुको तर्फबाट राष्ट्रिय प्रकृति संरक्षण कोषका सदस्य सचिव श्री गोविन्द गजुरेलले बाघ संरक्षणको विविध पक्षहरुबारे मन्तब्य राख्नु भएको थियो । कार्यक्रमका अध्यक्ष राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका निमित्त महानिर्देशक श्री गोपाल प्रकाश भट्टराईले नेपालले सन् २०२२ सम्ममा २५० वटा बाघको संख्या पुऱ्याउन राखेको लक्ष्य अनुरुप कटिबद्ध रही कार्य गर्नेमा जोड दिदै कार्यक्रमका प्रमुख अतिथि लगायत कार्यक्रममा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरु, बाघको संरक्षणमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । कार्यक्रममा सरकारी तथा गैरसरकारी कर्मचारीहरु, शिक्षक तथा विद्यार्थीहरु, संरक्षण कर्मीहरु, पत्राकारहरु सहित ४५० जनाको उपस्थिति रहेको थियो ।

३.५.२ अन्तर्राष्ट्रिय जैविक विविधता दिवश, २०७५ सम्पन्न

माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतको प्रमुख आतिथ्यतामा जैविक विविधता महासन्धिका २५ वर्ष पृथ्वीमा सुरक्षित जीवनको सुरक्षित सुनिश्चतता भन्ने नाराका साथ अन्तर्राष्ट्रिय जैविक विविधता दिवश २२ मे २०१८ तदनुसार ८ जेष्ठ २०७५ का दिन जैविक विविधताको संरक्षण तथा व्यवस्थापनमा व्यापक जनचेतना जगाउने उद्देश्यले केन्द्रीय स्तरमा राष्ट्रिय प्रकृति संरक्षण कोषको सभाहल, खुमलटार, ललितपुरमा विशेष कार्यक्रम गरी मनाइयो । उक्त कार्यक्रममा वन तथा वातावरण मन्त्रालय अन्तर्गतकका ५ वटा विभागहरु र संरक्षण साझेदार संस्थाहरुबाट विभिन्न स्टलहरु राखिएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि मा. वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले जैविक विविधताका दृष्टिले नेपाल विश्वमा धनी राष्ट्र रहेको र यस पुँजीलाई पुजिकृत गर्दै समृद्ध नेपाल बनाउनु पर्ने, जैविक श्रोतहरुको दिगो

प्रयोग र लाभको समन्यायिक वितरण हुन पर्नेमा जोड दिनु भयो । मन्तव्यको क्रममा मा. मन्त्रीले मानवलाई केन्द्रमा राखेर जैविक विविधताको संरक्षण गरे नेपाल सरकारले अघि बढाएको समृद्ध नेपाल खुसी नेपालको परिकल्पना पूरा हुने विचार व्यक्त गर्नुभयो । कार्यक्रमका विशेष अतिथि राष्ट्रिय योजना आयोगका मा. सदस्य डा. कृष्ण प्रसाद वली र कृषि, भूमि व्यवस्थापन तथा सहकारी मन्त्रालयका सचिव डा. युवकध्वज जि.सी. ले पनि मन्तव्य राख्नु भएको थियो । वन तथा वातावरण मन्त्रालयका सचिव एवं कार्यक्रमका सभाध्यक्ष डा. विश्वनाथ ओलीले जैविक विविधता महासन्धिको नेपाल पक्ष राष्ट्र भएको, सबैको साझा प्रयासले नेपालको जैविक विविधता संरक्षणमा उल्लेख्य उपलब्धि हासिल भएको र नेपाल सरकारको नीति तथा कार्यक्रममा जैविक विविधता संरक्षण समावेश भएकोले सरकार जैविक विविधता संरक्षणमा संबेदनशील रहेको स्पष्ट पार्नु भयो ।

कार्यक्रममा वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. महेश्वर ढकालले जैविक विविधता महासन्धि पछि नेपालले हासिल गरेका उपलब्धिहरु र त्यसमा देखिएका चुनौतीका विषयमा प्रस्तुति गर्नु भएको थियो । वन तथा वातावरण मन्त्रालयका सहसचिव डा. सिन्धु प्रसाद ढुंगानाले स्वागत मन्तब्य राख्नु भएको थियो भने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपसचिव (प्रा.) श्री विष्णु प्रसाद श्रेष्ठले कार्यक्रम सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा नेपालका जैविक विविधता सम्बन्धी फोटो किताब, राष्ट्रिय रामसार रणनीतिक योजना, विजयसाल संरक्षण कार्ययोजना, संरक्षण झिल्काहरु, नेपालमा वन्यजन्तुको आखेटोपहार व्यवस्थापन, पोखराका ताल समूहको व्यवस्थापन योजना र जैविक विविधता संरक्षणमा २५ वर्षे उपलब्धि भन्ने पुस्तकहरु विमोचन गरिएको थियो ।

३.५.३ विश्व सिमसार दिवस, २०१८

माननीय मन्त्री विक्रम पाण्डेज्यूको प्रमुख आतिथ्यमा "दिगो सहरी भविष्यका लागि सिमसार" भन्ने मूल नाराका साथ २२ औं विश्व सिमसार दिवस २ फेब्रुअरी २०१८ तदनुसार १९ माघ २०७४ गते सिमसारको संरक्षणमा व्यापक जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले केन्द्रीयस्तरमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्राङ्गण बबरमहलमा विशेष जनचेतनामूलक कार्यक्रम गरी मनाइयो । बबरमहल वन परिसरबाट माइतीघर मण्डला, बिजुलीबजार हुदै बानेश्वर भई पूनः बबरमहल वन परिसरसम्म हरित र्‍याली (प्रभातफेरी) गरियो ।

कार्यक्रमका प्रमुख अतिथि, माननीय मन्त्री विक्रम पाण्डेज्यूले वन परिसर, बबरमहलमा राखिएको विश्व सिमसार दिवसको होर्डिङ्ग बोर्डको अनावरण गर्नुभयो । नेपालमा गोही संरक्षण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको गोही संरक्षण कार्ययोजना राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका पूर्व महानिर्देशक श्री विश्वनाथ उप्रेतीद्धारा लिखित पुस्तक "Early Stage of Conservation in Nepal" प्रमुख अतिथिबाट विमोचन गरियो । एम्बिसन एकेडेमीका विद्यार्थीहरुबाट जोगाऔं सिमसार नाटक प्रस्तुत गरियो । प्रकृति संरक्षणका लागि जनचेतना जगाउने चेतनामूलक गीत बरिष्ठ गायिका श्री लोचन भट्टराईले गाउनु भयो । विश्व सिमसार दिवसको अवसरमा आयोजित अन्तर माध्यमिक विद्यालय स्तरीय निबन्ध प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्तवना स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित प्रमाण पत्र वितरण गरियो । विगत चार दशक भन्दा लामो समय नेपालको चरा संरक्षणमा विशेष योगदान पुर्‍याउनु भएकी बेलायती नागरिक Carol Inskipp लाई कार्यक्रममा विशेष सम्मान गरियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्री विक्रम पाण्डेज्यूले सिमसारको संरक्षण र व्यवस्थापन गरी दिगो

सहरी भविष्यलाई सुनिश्चित गर्दै सिमसारजन्य स्रोतको दिगो तथा बुद्धिमतापूर्ण उपयोग गरी सहरी जनजीवन जिवन्त बनाउनु पर्ने, सिमसार क्षेत्रको बारेमा संविधानमा भएको अधिकार बांडफांड समेतलाई आधार मानी सरोकारवालाहरुको समेत राय सुझावहरुको आधारमा राष्ट्रिय सिमसार नीति, २०६९ लाई संशोधन गर्नुपर्ने, साथै सबै सरोकारवाला निकायहरुलाई सहभागी गराई रामसारमा सुचिकृत सिमसार क्षेत्रहरुको रणनीतिक योजना यथाशक्य चाडो तयार गरी सोही बमोजिम कार्यान्वयनमा लैजान जोड दिनुभयो । कार्यक्रमका विशेष अतिथि माननीय राज्यमन्त्री कमला देवी शर्माज्यूले सिमसारको संरक्षणमा रहेका चुनौतीहरुलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरु बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनु भयो । तत्कालीन वन तथा भू संरक्षण मन्त्रालयका सचिव डा. युवक ध्वज जी.सी.ले जैविक एवं पर्यावरणीय संरक्षणको दृष्टिकोणले मात्र नभई स्थानीय बासिन्दाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पनि सिमसार क्षेत्र महत्वपूर्ण क्षेत्रको रुपमा रहेको बताउनु भयो । सिमसारको संरक्षण र दिगो व्यवस्थापनमा सरकारी निकाय, स्थानीय निकाय र गैरसरकारी संघ संस्था सबैको समन्वय र साझेदारी हुनुपर्नेमा जोड दिनु भयो ।

कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री मन बहादुर खड्काले राष्ट्रिय र अन्तराष्ट्रिय नीति अनुरुप सिमसारको संरक्षण र व्यवस्थापनमा कटिबद्ध रही कार्य गर्नेमा जोड दिदै कार्यक्रमका प्रमुख अतिथि लगायत कार्यक्रममा उपस्थित हुनुभएका सम्पूर्ण महानुभावहरु, सिमसारको संरक्षणमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । कार्यक्रममा सरकारी तथा गैरसकारी कर्मचारीहरु, शिक्षक तथा विद्यार्थीहरु, सिमसार तथा जैविक विविधता क्षेत्रका विज्ञहरु, संचारकर्मीहरु सहित करिब ५०० जनाको उपस्थिति रहेको थियो ।

३.५.४ २३ औं वन्यजन्तु सप्ताह २०७५ (१ देखि ७ वैशाख, २०७५) भव्यताका साथ सम्पन्न

"समृद्धिका लागि वन्यजन्तु संरक्षण" भन्ने मूल नाराका साथ २३ औं वन्यजन्तु सप्ताह, १ देखि ७ वैशाख २०७५ सम्म वन्यजन्तु र जैविक विविधताको संरक्षणमा व्यापक जनचेतना अभिवृद्धि गर्ने र स्थानीय एवं समग्र राष्ट्रको समृद्धिमा टेवा पुर्याउने उद्देश्यले विभिन्न कार्यक्रमहरु गरी मनाइयो । वन्यजन्तु सप्ताहको अन्तिम दिन माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतज्यूको प्रमुख आतिथ्यमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्राङ्गण बबरमहलमा विशेष कार्यक्रम गरी समापन गरियो । बबरमहल वनपरिसरबाट माइतीघर मण्डला, बिजुलीबजार हुदै बानेश्वर भई पूनः बबरमहल वनपरिसरसम्म हरित ऱ्याली (प्रभात फेरी) गरियो ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक श्री गोपाल प्रकाश भट्टराईले कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथि लगायत सम्पूर्ण महानुभावहरुलाई कार्यक्रममा स्वागत गर्दै स्वागत मन्तब्य राख्नु भयो । कार्यक्रमका प्रमुख अतिथि, माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतज्यूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको प्राङ्गणमा राखिएको गैंडाको आकृति अनावरण गर्नुभयो । नेपालमा सालक संरक्षण कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले तयार गरिएको सालक संरक्षण कार्ययोजना प्रमुख अतिथिबाट लोकार्पण गरियो । वन्यजन्तु संरक्षणको कार्यमा विशिष्ट योगदान पुऱ्याउनु भएका चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका रेन्जर श्री लक्ष्मण राय र अनुसन्धानकर्ता एवं संरक्षणकर्मी श्री राजु आचार्यलाई संयुक्त रुपमा "राष्ट्रिय वन्यजन्तु संरक्षण पुरस्कार, २०७४" र पर्सा राष्ट्रिय निकुञ्ज मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्ष श्री पदम तितुङ्ग र पत्राकार श्री रामचन्द्र अधिकारीलाई संयुक्त रुपमा "वन्यजन्तु संरक्षण पुरस्कार, २०७४" बाट पुरस्कृत गरियो ।

एम्बिसन एकेडेमीका विद्यार्थीहरुबाट "समृद्धिका लागि वन्यजन्तु संरक्षण" विषयमा नाटक प्रस्तुत भयो । वन्यजन्तु एवं प्रकृति संरक्षणका लागि जनचेतना जगाउने चेतनामूलक गीत बरिष्ठ जन गायक श्री रामकृष्ण दुवालको नेतृत्वमा कलाकारहरुले गाउनु भयो । वन्यजन्तु सप्ताहको अवसरमा आयोजित अन्तर माध्यमिक विद्यालय स्तरीय चित्रकला र फोटोग्राफी प्रतियोगिताका प्रथम, द्वितीय, तृतीय र सान्त्वना स्थान प्राप्त गर्ने विद्यार्थीहरुलाई नगद पुरस्कार सहित प्रमाण पत्र वितरण गरियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय मन्त्री शक्ति बहादुर बस्नेतज्यूले वन्यजन्तुको बासस्थान व्यवस्थापन, संकटापन्न वन्यजन्तुको संरक्षण, चोरी शिकार तथा अवैध व्यापार नियन्त्रण, भू-परिधिस्तरीय संरक्षणमा बढावा एवं संरक्षण सचेतना कार्यक्रममा जोड दिई मानव वन्यजन्तु द्धन्द नहुने स्थितिको सृजना गरी पर्यापर्यटन मार्फत स्थानीय समुदाय र समग्र राष्ट्रको समृद्धिमा योगदान पुऱ्याउने दिशामा सक्रिय योगदान पुऱ्याउनु पर्नेमा जोड दिनु भयो ।

कार्यक्रमका विशेष अतिथि सचिव डा. विश्वनाथ ओलीज्यूले वन्यजन्तुको संरक्षणमा देखिएका चुनौतीहरुलाई सम्बोधन गर्ने खालका कार्यक्रमहरु बनाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनु भयो । साथै जैविक एवं पर्यावरणीय संरक्षणको दृष्टिकोणले मात्र नभई स्थानीय बासिन्दाहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक दृष्टिकोणले पनि वन्यजन्तु महत्वपूर्ण रहेको बताउनु भयो । वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा सरकारी निकाय, स्थानीय तह, स्थानीय समुदाय र गैरसरकारी संघसंस्था सबैको समन्वय र साझेदारी हुनुपर्ने भनी उल्लेख गर्नुभयो ।

कार्यक्रमका अध्यक्ष एवं राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक श्री मन बहादुर खड्काले राष्ट्रिय र अन्तरराष्ट्रिय नीति अनुरुप वन्यजन्तुको संरक्षण र व्यवस्थापनमा कटिबद्ध रही कार्य गर्नेमा जोड दिदै कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथि लगायत कार्यक्रममा उपस्थित हुनु भएका सम्पूर्ण महानुभावहरु, वन्यजन्तु संरक्षणमा प्रत्यक्ष तथा परोक्ष रुपमा योगदान पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संस्थाहरुलाई धन्यवाद व्यक्त गर्नु भयो । कार्यक्रममा सरकारी तथा गैरसरकारी कर्मचारीहरु, शिक्षक तथा विद्यार्थीहरु, संरक्षणकर्मीहरु, सञ्चारकर्मीहरु गरी करीव ५०० जनाको उपस्थिति रहेको थियो ।

३.५.५ समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान (चौथो राष्ट्रिय दिवस) तथा विश्व वन्यजन्तु दिवस, २०१८

नेपाल सरकारको निर्णय अनुसार प्रत्येक वर्षको मार्च ३ तारिखका दिन समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान मनाउने सन्दर्भमा सदा झै यस बर्षको मार्च ३ तारिखका दिन "युवाको जागरण : बाघ-चितुवाको संरक्षण" भन्नेनाराका साथ चौथो समुदायमा आधारित चोरी शिकार नियन्त्रण युवा जागरण अभियान, २०७४ बाँके रा.नि. मा एक भव्य समारोहका बीच मनाइएको थियो । सो उपलक्ष्यमा प्रदेश ६ का प्रदेश सभाका उपसभामुख श्री कृष्णी थारुले बाँके रा.नि.को खद्गबार हात्तीसारमा निर्माण उद्घाटन गर्नु भएको थियो । चोरी शिकार नियन्त्रण युवा जागरण अभियान मनाउनका लागि प्रदेश ६ का सांसदहरु, वन्यजन्तु विभागका उपमहानिर्देशक तथा नेपालगंज उपमहानगरपालिका र कोहलपुर नगरपालिकाका प्रमुख, सम्बन्धित गाउँपालिकाका अध्यक्ष, बाँके रा.नि. मध्यवर्ती क्षेत्र उपभोक्ता समिति तथा समूहका पदाधिकारीहरु, प्रदेश ६ का वन, वातावरण, उद्योग तथा पर्यटन सचिव, जिल्ला वन अधिकृत तथा जिल्ला स्थित विभिन्न कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, कोहलपुर तथा नेपालगंज उद्योग

बाणिज्य संघका पदाधिकारीहरु, स्कुल तथा कलेजका बिद्यार्थी लगायत अन्य सरोकारवाला निकायको बाक्लो उपस्थितिमा बाँके रा.नि.को खद्गबार हात्तीसारमा कार्यक्रम सम्पन्न भएको थियो ।

३.५.६ नेपाल सरकारबाट मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारलाई एक जोडी एक सिंगे गैंडा उपहार हस्तान्तरण समारोह सम्पन्न

नेपाल र चीन सरकार बीच वन्यजन्तु संरक्षणमा वैज्ञानिक सहयोग आदानप्रदान गर्नुका साथै दुवै देश बीच सुमधुर सम्बन्ध कायम गर्ने उद्देश्यका साथ नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७३/३/२६ को बैठकबाट मित्रराष्ट्र जनवादी गणतन्त्र चीन सरकारलाई दुई जोडी एक सिंगे गैंडा (२ भाले र २ पोथी) उपहार दिने निर्णय अनुसार २०७५ आषाढ २८ गते विशेष समारोह आयोजना गरी प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीबाट साइटिस निर्यात प्रमाणपत्र, प्रजाति उत्पति प्रमाणपत्र सहित एक जोडी एक सिंगे गैंडा (१ भाले-भद्र र पोथी-रुपसी) महा महिम Ms. Yu Hong नेपालका लागि चिनियाँ राजदुत मार्फत चीन सरकारलाई हस्तान्तरण गरिएको छ ।

चित्र १४ : मित्र राष्ट्र चीनलाई गैंडा हस्तान्तरण कार्यक्रम

गैंडा प्रदान गर्ने सम्बन्धमा वन तथा वातावरण मन्त्रालय (हाल वन तथा वातावरण मन्त्रालय) र The State Forestry Administration (हाल, National Forestry and Grassland Administration), China का बीच सन् अप्रिल २०१७ मा सहमति पत्रमा हस्ताक्षर भएको र २५ जुन, २०१८ मा नेपाल सरकार र चीन सरकार बीच सम्झौता भएको हो ।

गैंडा हस्तान्तरण कार्यलाई प्रभावकारी बनाउनको लागि नियमित रुपमा नेपाल सरकार र चीन सरकार पक्ष बीच विभिन्न समयमा छलफल गरिएको छ । नेपाल सरकारका प्राविधिकहरुबाट गैंडा राख्ने स्थान र हावापानीको बारेमा अध्ययन भएको छ । साथै चीन सरकारका प्राविधिकहरुबाट पनि लामो समय व्यतित् गरी चितवन राष्ट्रिय निकुञ्जमा रहेका गैंडाहरुको बासस्थान अध्ययन तथा अवलोकन कार्य भएको छ । चितवन राष्ट्रिय निकुञ्जमा

रहेका २ जोडी गैंडालाई capture गरी चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, सौराहामा booma मा राखी नजिकबाट अवलोकन गर्ने, नियमित हेरचाह र स्वास्थ्य परिक्षण गर्ने कार्य पश्चात एक जोडी गैंडा (भाले र पोथी) हस्तान्तरण गरिएको हो । हस्तान्तरण गरिएको गैंडाहरुको विवरण निम्नानुसार रहेको छ ।

तालिका २१ : चीन सरकारलाई हस्तान्तरण गरिएको गैंडाको विवरण

लिङ्ग	भाले (भद्र)	पोथी (रुपसी)
उमेर	१ देखि २ वर्ष	१.५ देखि २ वर्ष
तौल	अनुमानित ९०० के.जी.	अनुमानित १२०० के.जी.
क्याप्चर गरिएको स्थान	खोरियामुहान क्षेत्र, चितवन राष्ट्रिय निकुन्ज सुखिभार क्षेत्र, चितवन राष्ट्रिय निकुन्ज	
लम्बाई	२.४ मि.	२.५ मि
उचाई	१.३ मि	१.४ मि.

गन्तव्य : Guangzhou Chemelong Group Co. LTD, Panyu Avenue, Panyu District, Guangzhou, P.R. China

दुर्लभ वन्यजन्तुको संरक्षण एवं संरक्षण शिक्षा प्रवर्धनको लागि नेपाल सरकारद्वारा मित्र राष्ट्र भारत, संयुक्त राज्य अमेरिका, जापान, थाइल्याण्ड, अष्ट्रिया लागयतका मुलुकलाई २६ वटा गैंडा उपहार स्वरूप प्रदान गरिसकिएको छ ।

समारोहका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री के.पी.शर्मा ओलीले गैंडा हस्तान्तरण कार्यले नेपाल र चीन देश बीचको मित्रता अझ प्रगाढ हुने, दुइ देश बीचको सम्बन्धले गैंडा लगायत अन्य वन्यजन्तुहरुको चोरी शिकार नियन्त्रण गर्नमा समेत ठोस योगदान पुग्ने र विश्व समुदायलाई समेत सकारात्मक सन्देश दिन सफल हुने कुरामा जोड दिनु भयो । साथै गैंडा हस्तान्तरण कार्यले आगामी दिनहरुमा दुई देश बीच अझ सुमधुर सम्बन्ध कायम भई वन्यजन्तु, वनजंगल र जैविक विविधता संरक्षणमा थप सहयोग र समन्वय हुने कुरामा समारोहका अध्यक्ष माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले जोड दिनुभएको छ ।

समारोहका अध्यक्ष माननीय वन तथा वातावरण मन्त्री शक्ति बहादुर बस्नेतले सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यूको नेतृत्वको मन्त्रिपरिषदको मिति २०७३/३/२६ को बैठकबाट मित्र राष्ट्र जनवादी गणतन्त्र चीन सरकारलाई दुई जोडी एक सिंगे गैंडा उपहार दिने निर्णय अनुसार एक जोडी एक सिंगे गैंडा हस्तान्तरण समारोहमा स्वयं सम्माननीय प्रधानमन्त्री उपस्थित भई राजदुत मार्फत चीन सरकारलाई हस्तान्तरण गर्नुभएकोमा सम्माननीय प्रधानमन्त्री के.पी. शर्मा ओलीज्यू प्रति हार्दिक कृतज्ञता साथै आभार व्यक्त गर्नुभयो । साथै एक सिंगे गैंडा हस्तान्तरण कार्यमा महत्वपूर्ण भूमिका खेल्नु भएका पूर्व मन्त्री अग्नि प्रसाद सापकोटा, चीन सरकारको तर्फबाट एक जोडी गैंडा उपहार ग्रहण गर्न आउनु भएका महामहिम राजदुत, गैंडा हस्तान्तरण कार्यमा संलग्न राष्ट्रसेवक कर्मचारीहरु, सम्पूर्ण सरकारी तथा गैह्रसरकारी व्यक्ति तथा संघ संस्थाहरु, संरक्षण साझेदार संस्थाहरु, सञ्चारकर्मीहरु तथा सबै संरक्षण प्रेमी महानुभावहरु प्रति हार्दिक आभार व्यक्त गर्नुभयो ।

३.६ ३४ औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठक

"मानव वन्यजन्तु द्वन्द्व न्युनिकरण तथा व्यवस्थापनका लागि भावी कार्य दिशा" (Future direction for Human Wildlife Conflict Mitigation and Management) भन्ने मूल नाराका साथ ३४ औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठक २०७४।११।३० देखि २०७४।१२।१ गते सम्म अपीनाम्पा संरक्षण क्षेत्र, खलङ्गा, दार्चुलामा भव्यताका साथ सम्पन्न भयो । कार्यक्रममा प्रमुख अतिथि जिल्ला समन्वय समिति, दार्चुलाका प्रमुख श्री करवीर बहादुर कार्कीले २०७४।११।३० गते एक भव्य समारोह बीच कार्यक्रम उद्‌घाटन गर्नु भयो । कार्यक्रमको विषेश अतिथि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय प्रदेश

चित्र १५ : ३४ औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठक, दार्चुला

नं ७ का सचिव श्री सुधिर कुमार कोइराला, अतिथिमा दार्चुला जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री जनार्दन गौतम हुनुहुन्थ्यो भने कार्यक्रमको सभापतित्व राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका उपमहानिर्देशक श्री गोपाल प्रकाश भट्टराईज्यूले गर्नु भएको थियो । उद्‌घाटन कार्यक्रममा व्यासी सौका जातीको संस्कृति झल्कने आकर्षक झाँकी प्रर्दशन गरिएको थियो । सेमिनारमा पूर्व महानिर्देशक श्री फणीन्द्रराज खरेल र उपमहानिर्देशक श्री शेरसिंह ठगुन्नालाई सम्मान गरिनुका साथै अपीनाम्पा संरक्षण र व्यवस्थापनमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तित्वहरुलाई सम्मान तथा प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यशालाको प्राविधिक शत्रमा संरक्षित क्षेत्र व्यवस्थापनका सवालमा आधारित प्रस्तुतिहरु रहेका थिए । प्रमुख संरक्षण अधिकृत, संरक्षण अधिकृत, मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु, निकुञ्ज सुरक्षार्थ खटिएका नेपाली सेनाका गणपति/गुल्मपति र वन्यजन्तु विज्ञहरुको प्रस्तुति रहेको थियो । कार्यक्रममा प्रमुख संरक्षण अधिकृतहरु, संरक्षण अधिकृतहरु, निकुञ्ज/आरक्ष सुरक्षार्थ नेपाली सेनाका गणपति/गुल्मपतिहरु मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु, वन्यजन्तु विज्ञहरु, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका कर्मचारीहरु, संरक्षण साझेदार संस्थाका प्रतिनिधिहरु, स्थानीय उपभोक्ताहरु र पत्रकारहरुको सहभागिता रहेको थियो । ३४ औं वार्डेन सेमिनार तथा १६ मध्यवर्ती क्षेत्रका अध्यक्षहरुको बैठकले निम्नानुसारका १५ बुँदे संकल्प प्रस्ताव पारित गरी २०७४ चैत्र १ गते सम्पन्न भयो ।

१. मानव- वन्यजन्तु द्वन्द्व व्यवस्थापन रणनीति तयार गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा)* ।

२. संरक्षित क्षेत्रहरुमा मानव वन्यजन्तु द्वन्द्व बढ्दै गइरहेको र वन्यजन्तु वन क्षेत्र बाहिर आई विभिन्न समस्या सृजना गरेकोले आगामी दिनमा यस्ता समस्याग्रस्त वन्यजन्तुलाई सुरक्षित रुपमा नियन्त्रण गरी राख्न प्रत्येक प्रदेशमा एक एक वटा उद्वार केन्द्र (Rescue Centre) आवश्यक कर्मचारी सहित स्थापना गर्न पहल गर्ने । उक्त Rescue Centre को दिगो संचालनलाई मध्यनजर राखी पर्यटकीय गतिविधिसंग जोड्ने *(राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग र सम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

३. मध्यवर्ती क्षेत्र निकुञ्ज र आरक्षको अभिन्न अङ्ग भएकोले मध्यवर्ती क्षेत्रको संरक्षण बिना निकुञ्ज र आरक्षको दिगो संरक्षण संम्भव नहुने र मानव वन्यजन्तु द्वन्द्व न्युनिकरणका लागि समेत मध्यवर्ती क्षेत्र व्यवस्थापन आवश्यक छ । संरक्षण क्षेत्रहरु समेत मानव वस्तीभन्दा टाढा रहेको र स्थानीय समुदायको एकल प्रयासबाट मात्र सम्भव नभएकोले मध्यवर्ती क्षेत्र र संरक्षण क्षेत्रहरुलाई समेत निकुञ्ज र आरक्ष जस्तै संघको अधिकार क्षेत्रभित्र राख्न विभागले आवश्यक पहल गर्ने । बदलिंदो परिस्थितिमा निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र तथा मध्यवर्ती क्षेत्रको संस्थागत संरचना तथा प्रदेश र स्थानीय तहसँगको समन्वयका सम्वन्धमा विज्ञसंगको राय सुझावमा ऐन तथा नियामावली तर्जूमा गर्दा उपयुक्त व्यवस्था मिलाउने *(योजना तथा व्यवस्थापन महाशाखा र सम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

४. नेपाल आयल निगमको अमलेखगञ्ज ईन्धन डिपोको भण्डारण क्षमता वृद्धि गर्दा तथा पाइप लाइन निर्माण गर्दा हटाउनु पर्ने रुखहरु कटान गरे बापत नेपाल आयल निगमले पर्सा राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन गर्न आवश्यक आर्थिक स्रोत वातावरणीय शुल्क वापत उपयुक्त रकम नेपाल आयल निगमबाट निकुञ्ज कार्यालयलाई उपलब्ध गराउन पहल गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा र सम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

५. तराईका निकुञ्ज तथा आरक्ष कार्यालयका प्राविधिक तथा प्रशासनिक कर्मचारी र हात्तीसार कर्मचारीहरुलाई नेपाल सरकारबाट उपलब्ध गराउने रासन फरक भई कर्मचारीहरुवीच भेदभावको मनोभावना विकास भई संरक्षणमा समेत प्रतिकूल प्रभाव देखिन सक्ने भएकोले सवै कर्मचारीहरुको रासन स्केल एउटै वनाउन पहल गर्ने । प्रत्येक बर्ष रासन ठेक्का लगाउँदा अनावश्यक समय तथा बजेट समेत खर्च हुने तर ठेकेदारहरुसंग जहिले पनि विवाद भइरहने अवस्थालाई अन्त गर्न जिल्ला स्थित नेपाल प्रहरीका कर्मचारीहरु जस्तै सम्वन्धित जिल्लाको दररेट अनुसार रासन रकम नगदै बुझ्ने व्यवस्था गर्न पहल गर्ने *(कर्मचारी प्रशासन र आर्थिक प्रशासन शाखा)* ।

६. वन्यजन्तु संरक्षण तथा व्यवस्थापनमा नेपाली सेना तथा संरक्षित क्षेत्रहरुमा हाल प्रयोगमा रहेका सूचना प्रविधि तथा अन्य व्यवस्थालाई थप परिष्कृत गी आवश्यक सवारी साधन तथा सूचना प्रविधि उपकरणहरु समेत क्रमशः सवै संरक्षित क्षेत्रहरुमा लागू गर्ने । हाल केही संरक्षित क्षेरहरुमा निर्माण भई सञ्चालनमा रहेका Joint Operation Centre संरक्षण कार्यका लागि प्रभावकारी देखिएकोले वाँकी संरक्षित क्षेत्रहरुमा क्रमश विस्तार गर्ने *(राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय, योजना तथा व्यवस्थापन महाशाखा, वन्यजन्तु अपराध नियन्त्रण शाखा र सम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

७. प्रकृति संरक्षण शिक्षालयलाई पर्याप्त साधन, स्रोत तथा जनशक्ति प्रदान गरी सवै संरक्षणकर्मीको साझा विद्यालयको रुपमा विकास गर्ने । आगामी दिनमा यसबाट सम्वन्धित सवै सरोकारवालाहरुको क्षमता अभिवृद्धि गर्न केन्द्रीय वन तालिम केन्द्र तथा अन्य सरोकारवाला निकायहरुसँग समन्वय गर्ने *(राष्ट्रिय निकुञ्ज तथ वन्यजन्तु आरक्ष निर्देशनालय, केन्द्रीय वन तालिम केन्द्र, योजना तथा व्यवस्थापन महाशाखा, र संम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

८. प्रकृति संरक्षणमा खटिएका नेपाली सेनाले जिम्मेवारी वहन गर्न सरल, सहज र व्यवहारिक बनाउन तयार पारिएको प्रकृति संरक्षण निर्देशिकालाई नेपाल सरकारबाट स्वीकृत गर्न आवश्यक पहल गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु आरक्ष निर्देशनालय)* ।

९. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२, संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३, मध्यवर्ती क्षेत्र व्यवस्थापन निर्देशिका २०५६, संरक्षण क्षेत्र व्यवस्थापन निर्देशिका, २०५६ र संरक्षण क्षेत्र सरकारी व्यवस्थापन नियमावली, २०५७ लाई समय सापेक्ष बनाउन संशोधित गर्ने *(व्यवस्थापन शाखा र कानून शाखा)* ।

१०. अपिनम्पा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०७५ र प्राणी उद्यान र चिडियाखाना नियमावली वनाउने । ऐन, नियम संशोधन तथा तर्जुमा गर्दा मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरु र मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति तथा समग्र मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्यलाई संस्थागत बनाउन आवश्यक व्यवस्था गर्ने । संरक्षित क्षेत्रबाट प्राप्त हुने राजश्व रकमबाट संचालन गरिने कार्यक्रममा मानव वन्यजन्तु द्वन्द्व न्युनिकरणका लागि आवश्यक पूर्वाधारहरु निर्माण तथा राहतका शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था संशोधनमा थप गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा, वन्यजन्तु अपराध नियन्त्रण शाखा, कानून शाखा र सम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

११. बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने खाता जैविक मार्ग स्थित डाँडागाउँ, वाजपुर, चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने चितवन जिल्लास्थित बाँदरभुला, वोटिसिमरा र अमिलिया, पर्सा जिल्लास्थित शिकारीवास र बाँके राष्ट्रिय निकुञ्जको किउरेनी र कोट, पर्सा राष्ट्रिय निकुञ्जको मकवानपुर जिल्लाको सिमाना लगायतका वस्तीहरुलाई स्थानान्तरण गर्न अध्ययन कार्यदल गठन गर्न पहल गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा र संम्वन्धित संरक्षित क्षेत्र कार्यालय)* ।

१२. स्थानीय तहमा जनप्रतिनिधिहरुको निर्वाचन पछि स्थानीय स्तरमा नदीजन्य पदार्थहरुको माग वढी भएको र कतिपय स्थानहरुमा मध्यवर्ती क्षेत्रका नदीजन्य पदार्थहरुको प्रारम्भिक वातावरणीय परिक्षण र वातावरणीय प्रभाव मूल्याङ्कन नगरी प्रयोग गर्न पाउनु पर्ने माग आएकोले आगामी दिनमा स्थानीय तहसँगको समन्वयमा स्थानीय आवश्यकता समेतलाई दृष्टिगत गरी वातावरणीय प्रभाव र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार र स्वीकृत गरी प्रचलित राजश्व लिई नियन्त्रित रुपमा उपलव्ध गराउन सवै संरक्षित क्षेत्रहरुले पहल गर्ने *(योजना तथा व्यवस्थापन महाशाखा र संरक्षित क्षेत्र कार्यालयहरु)* ।

१३. हात्तीसारमा लामो समयसम्म पदपूर्ति हुन बाँकी पछुवा तथा फणित पदलाई श्रेणीविहिन माहुत पदमा परिवर्तन गरी लोक सेवा आयोगबाट स्थाई पदपूर्तिको व्यवस्था मिलाउने *(कर्मचारी प्रशासन शाखा)* ।

१४. ३४औं वार्डेन सेमिनार तथा १६ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको बैठक सफलतापूर्वक सम्पन्न गर्नको लागि सहयोग पुऱ्याउने अपिनम्पा संरक्षण क्षेत्र कार्यालय, अपिनम्पा संरक्षण क्षेत्र व्यवस्थापन परिषद् परिवार, दार्चुला जिल्ला स्थित विभिन्न सरकारी कार्यालय, संघ, संस्था, स्थानीय समुदाय, साँस्कृतिक टोलीका कलाकार तथा सदस्यहरु, होटेल र लज परिवार, उद्घाटन कार्यक्रमको प्रत्यक्ष प्रशारण गर्ने एफ.एम. लगायत प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउने सम्पूर्ण व्यक्ति तथा संरक्षणका संघ, संस्थाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछौं ।

१५. ३५ औं वार्डेन सेमिनार तथा १७ औं मध्यवर्ती क्षेत्र व्यवस्थापन समितिका अध्यक्षहरुको वैठक, २०७५ कृष्णसार संरक्षण क्षेत्र र बर्दिया राष्ट्रिय निकुञ्जमा गर्ने *(व्यवस्थापन शाखा)* ।

३.७ नेपालमा गिद्ध संरक्षण तथा प्रजनन केन्द्रमा हुर्काइएका गिद्धको प्राकृतिक बासस्थानमा पूनःस्थापना

३.७.१ पृष्ठभूमि

शिकारी चरा समूह अन्तर्गत पर्ने गिद्ध ठूला मांसाहारी पंक्षी हुन् । यिनले आफै शिकार गर्दैनन् र केवल मरेका जनावरको मासु अर्थात् सिनो मात्र खाने गर्दछन् । मरेका जनावरको सिनो र फालेको मासुजन्य फोहर पदार्थलाई खाई हाम्रो वरपरको वातावरणलाई प्रदुषित, दुर्गन्धित र रोगमुक्त बनाउन महत्वपूर्ण भूमिका निर्वाह गर्ने गिद्धलाई **"प्रकृतिको कुचिकार"** भनिन्छ । गिद्धको अभाव भएमा सिनो प्रकृतिमा यसै सड्छ जसमा भुस्याहा कुकुर, स्याल, मुसा र झिंगाको संख्यामा वृद्धि हुन्छ फलस्वरुप मानिसमा रेवीज, प्लेग हैजा, आँऊ, झाडापखाला आदि सरुवा घातक रोगहरु फैलिन सक्छन् भने पशु चौपायाहरुमा एन्थ्रेक्स, ब्रुसेलोसिस् र क्षयरोग (टि.वी.) जस्ता रोगहरुको संक्रमणले महामारीको रुप लिन सक्दछ । पर्यावरणीय चक्र र सनातन खाद्य श्रृंखला सन्तुलन र गतिशिलताको संवाहक गिद्धको उपस्थिति पारिस्थिकीय स्वस्थताको अनिवार्य आवश्यकता हो । गिद्धको पर्यावरणीयसँगै धार्मिक र सांस्कृतिक महत्व पनि छ । हिन्दू धर्ममा गिद्धलाई सनी देवताको बहानको रुपमा पुजिन्छ । प्रसिद्ध धर्मग्रन्थ रामायणमा रावण राक्षसले सीतालाई हरण गरी लंका लैजादा सीतालाई जोगाउन गिद्ध अन्तिम श्वास रहुन्जेल लडेको उल्लेख छ । नेपालको हिमाली क्षेत्रमा बस्ने तिब्बतीयन मूलका समुदायले मृतक परिवेश अनुसार आफन्तको शव गिद्धलाई खुवाउँछन् र गिद्धलाई मृतकको आत्मालाई स्वर्ग पुऱ्याउने दुतका रुपमा पुज्ने गर्छन् । यसर्थ गिद्ध खाद्य श्रृंखलाको संयोजक, वातावरणीय सन्तुलन र जैविक विविधताको महत्वपूर्ण सूचक मात्र नभई कतिपय समुदायको धार्मिक र सांस्कृतिक आस्थाको धरोहर पनि हो ।

विश्वमा २३ प्रजातिका गिद्ध पाइन्छन् भने दक्षिण एशियामा ९ प्रजाति । ती सबै ९ प्रजातिका गिद्धहरु नै नेपालमा पाइन्छन् । करिब डेढ दशक अघिसम्म हाम्रो गाउँ टोलमा पनि सयौंको संख्यामा सिनोमा लुछाचुडी गरिरहेको गिद्ध सहजै भेटिन्थे । तर आज ती दृश्य दुर्लभ भएका छन् र यत्रतत्र सर्वत्र पाइने गिद्धहरु जीवन अस्तित्व समाप्तिको किनारामा छन् । सन् १९९० को दशकमा दक्षिण एशियामा करोडौं र नेपालमा लाखौंको संख्यामा पाइने गिद्ध ९०% भन्दा बढीले घटी आज केही हजारमा सिमित हुन पुगेका छन् । नेपालमा सन् २००२ देखि २०१० सम्मको राजमार्ग ट्रान्सेक्ट सर्भेबाट डंगर गिद्ध ९१% ले घटेको पाइएको थियो ।

सन् १९९० को मध्यदेखि दक्षिण एशियामा गिद्धको संख्यामा यसरी अप्राकृतिक र नाटकीय ढंगले ह्रास आउनुको प्रमुख कारण घरपालुवा पशु उपचारमा प्रयोग गरिने औषधि डाइक्लोफेनेक हो । गिद्धहरुले समूहमा खाने हुँदा डाइक्लोफेनेक प्रभावित एउटै सिनोबाट पनि ठूलो संख्यामा मर्छन् । ३० मि.लि. को एक भाइल डाइक्लोफेनेक प्रयोग गरिएको एउटै सिनोबाट मात्र पनि ३५० देखि ८०० गिद्धहरु मर्ने भएकोले नै यो औषधि गिद्ध विनाशमा प्रमुख कारण बन्न पुग्यो । गिद्ध संरक्षणका लागि नेपाल सरकारले जेठ २३, २०६३ देखि पशु उपचारमा डाइक्लोफेनेकको प्रयोग, उत्पादन, आयात र बिक्रीमा प्रतिबन्ध लगाएको छ । त्यसको विकल्पमा गिद्ध, अरु चराचुरुङ्गी र वन्यजन्तुमा असर नगर्ने मेलोक्सिक्यामको उत्पादन र बिक्री वितरण शुरु गरेको छ ।

गिद्धलाई डाइक्लोफेनेक रहित शुद्ध आहार उपलब्ध गराई संरक्षण गर्ने उद्देश्यले सन् २००६ मा स्थानीय समुदाय तथा सामुदायिक वन उपभोक्ताको सक्रिय सहिभागितामा नवलपरासीको पिठौलीमा एशियाकै पहिलो समुदाय स्तरको जटायु (गिद्ध रेष्टुरेन्ट) खोलियो । समुदाय स्तरबाटै संचालन र व्यवस्थापन गरिएका गिद्ध रेष्टुरेन्टलाई गिद्धका वासस्थान र उच्च घनत्व भएका पश्चिम नेपालका रुपन्देहीको गैंडाहवा तल, दाङको लालमटीया र विजौरी, कैलालीको खुटिया, कास्कीको घाँचोक र पूर्वमा सुनसरीको कोशीटप्पुमा पनि विस्तार गरिएको छ । सन् २०१० मा दाङ्ग जिल्लाबाट सुरु गरिएको पशु उपचार प्रयोगमा डाइक्लोफेनेक मुक्त तथा गिद्ध सुरक्षित क्षेत्र बनाउने अभियान हालसम्म नेपालका ५८ जिल्लामा सम्पन्न भैसकेको छ । पश्चिम नेपालका सबै जिल्ला समेटिएको यस अभियानले नेपालको करिब ७५ प्रतिशत भू-भाग ओगटेको छ । नेपाल सरकार राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले लागु गरेको "**गिद्ध संरक्षण कार्ययोजना सन् २००९-२०१३**" को सफल कार्यान्वयन पश्चात् दोस्रो पञ्चवर्षीय कार्ययोजना (सन् २०१५-२०१९) को कार्यान्वयनमा विभागसँग गिद्ध संरक्षणमा लागिरहेका साझेदार संस्थाहरुले हातेमालो गरिरहेका छन् । गिद्धलाई क्षेत्रीय र राष्ट्रिय स्तरबाट मात्र संरक्षण नगरी अन्तरदेशीय साझेदारीमा संरक्षण अभियान चलाउने उद्देश्यले "**एशियाली गिद्ध लोप हुनबाट बचाऊ** (Save Asian Vulture from Extinction)" भन्ने मञ्चको लोकार्पण गरिएको छ जसले अन्तर्राष्ट्रिय स्तर मै गिद्ध संरक्षणका कार्यक्रमहरुलाई दिगो बनाउन श्रोत र साधन जुटाउन, एकरुपता ल्याउन र सहयोगी संस्थाहरुको कार्यक्षमता वृद्धि गर्न प्रमुख भूमिका निभाइरहेको छ ।

३.७.२ प्रजनन् क्रियाकलाप

गिद्धहरुले साउन महिना देखि नै प्रजनन् क्रियाकलापहरु देखाउन सुरु गरिसकेका थिए । केही गिद्धहरुले गुँड बनाउन झिक्राहरु चुच्चोले च्यापेर आफ्नो गुँडमा लगिरहेको देखिन्थ्यो भने केही चराहरुले आफ्नो गुँडमा आउने अन्य चराहरुलाई धपाउदै गरेको देखिन्थ्यो । कार्तिक महिनामा यस बर्षको पहिलो अण्डा देखिएको थियो । त्यस पछि फाल्गुन सम्ममा २१ वटा अण्डा देखिएका थिए । जसवाट ६ वटा बच्चा केरलिएका थिए । अण्डाहरुलाई माँउ गिद्धहरुले राम्रोसँग हेरचाह गरेको र ओथारो बसेको देखिन्थ्यो । दुबै माँउहरुले पालैपालो ओथारो बस्ने गर्दथे । पछि केही माँउहरुले भने अनियमित ओथारो बस्ने गरेका थिए । जसका कारणले बच्चा कोरलिन सफल हुन सकेन । ३ वटा अण्डा नयाँ जोडी गिद्धहरुले पारेका थिए । केही गुँडका माऊले पुरा अवधि भर ओथारो नवसेको र केहीले वसे पनि बच्चा कोरल्न सफल हुन सकेन ।

यस केन्दमा पौष १४ गतेका दिन २ वटा बच्चाहरु CCTV मार्फत देखिएको थिए । उक्त बच्चाहरुलाई माँउहरुले चारो खुवाई रहेको देखिन्थ्यो । अन्य अवस्थामा भने माँउहरुले नै बच्चाहरुलाई लुकाएर राख्ने गर्दथे । त्यसै

गरी पौष १७ र १९, माघ २ र ८ गते बाँकी ४ वटा बच्चाहरु कोरलिएका थिए । सबै बच्चाहरुलाई सम्बन्धित माँउहरुले नै हेरचाह गर्ने गर्दथे ।

बच्चाहरुको उमेर १०० दिन नाघे पछि माँउबाट अलग्याउनु पर्ने हुन्छ । पहिले कोरलिएका २ वटा बच्चाहरु १०० दिन पुग्दै गर्दा यस केन्दमा बच्चाहरुलाई राख्ने ठाँउको अभाव देखिएको थियो । त्यसैले गर्दा ती बच्चाहरुलाई Colony Aviary-B को Passage मा राखिएको थियो । पछि Holding Aviary खाली भए पछि त्यहाँ सारिएको थियो । Holding Aviary मा बच्चाहरु सँगै रहँदा सुरुमा केही झगडा गरे जस्तो गरे तापनि चोटपटक लागेको भने देखिएको थिएन । पछि एक आपसमा मिलेर खाने, उड्ने, नुहाउने आदि क्रियाकलापहरु देखाउन थाले ।

३.७.३ प्राकृतिक वासस्थानमा पुर्नस्थापन गर्ने तौरतरिकाहरु :

प्रजनन केन्द्रमा पालिएका गिद्धहरुलाई सोझै प्राकृतिक वासस्थानमा लगेर छोडिदैन किनभने मानवीय व्यवस्थापन गरी हुर्काइएका गिद्धहरुलाई एकैचोटी नौलो ठाँउमा लगेर छोड्दा अलमलिने र बाँच्न गाह्रो हुने भएकोले यस निकुञ्ज अन्तर्गत नमूना मध्यवर्ती समुदायिक वनमा रहेको गिद्ध रेष्टुरेण्ट स्थित Interaction cage मा लगी छोडिन्छ । २०x११x५.५० मी. साइजका चारैतिरबाट ग्याविन जालीले बनाएको २ वटा Interaction learning cage रहेको छ जहाँ ७/७ वटा गिद्धलाई राख्न सकिन्छ । यी गिद्धहरुले उक्त सामुदायिक वन (In-situ वासस्थान) मा रहेका गिद्धहरुसंग चिरपरिचित भई प्राकृतिक वासस्थानमा सजिलै घुलमिल हुन सिकोस भन्ने उद्देश्यले ५/६ महिनाका लागि जालीको खोरमा राखिन्छ । वाहिर प्राकृतिक वासस्थान हुर्केका गिद्धहरुले गरेका क्रियाकलापहरु खोरमा रहेका गिद्दले सजिलै देख्दछन् । खोरमा राखेका गिद्धलाई र प्राकृतिक वासस्थानमा रहेका गिद्धलाई आहारा फरक फरक दिनमा दिने गरिन्छ । खोरमा रहेका गिद्धहरुलाई आहारा (मासु) दिंदा मासु खाई रहेका गिद्धहरुलाई देखि बाहिर प्राकृतिक अवस्थामा रहेका गिद्धहरुले जाली बाहिरवाट मासु खानाका लागि चियाएर हेर्ने, कराउने गर्दछन् ।

